# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मिचैंया नगरपालिका
## सिरहा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मिर्चैया नगरपालिका

## सिरहा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मिर्चैया नगरपालिका

## सिरहा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ। एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन। अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
मधेश प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१
च.नं. ५०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,
मिचैंया नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मिचैंया नगरपालिका, सिरहा ।

१. **कैफियत सहितको राय** - हामीले मिचैंया नगर पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रू.१० करोड ३ लाख ९१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु १ करोड ९७ लाख १५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ७७ लाख १० हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू.५ करोड ८४ लाख ३१ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २३ लाख ३१ हजार र पेश्की बाँकी रु.२ करोड १४ लाख ७९ हजार समेत रु.९ करोड ९९ लाख ५१ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.५१ करोड ३२ लाख ५५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.६१ करोड ३२ लाख ६ हजार रहेको छ। **मिचैंया नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने मिर्चैया नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ। पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
**नायब महालेखापरीक्षक**

# मिर्चैया नगरपालिका,
# सिरहा

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५८ | १०६ | १००३९१ | ० | २ | ४३८ | ५८ | १०४ | ९९९५२ | ७७१० | १२३३१ | ५८४३१ | ० | ० | ७८४७२ | २१४७९ |

## २. अद्यावधिक बेरुजु स्थिति २०७९।८० सम्मको

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिरहा | ५१३२५५ | ० | ० | ५१३२५५ | ० | ९९९५१ | ६१३२०६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | ४६ | प्रशारण प्रमाणपत्र पेश नभएको | ९८००० |
| २ | | ६१ | सेनिटरी प्याड व्यवस्थापन | ३४०९४८ |
| | **चालु वर्षको जम्मा** | | | **४३८९४८** |
| | **गत विगत वर्षतर्फको** | | | ० |
| | **गत विगतको जम्मा** | | | ० |
| | **कुल जम्मा** | | | **४३८९४८** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १२ वडा रहेको छ भने क्षेत्रफल ९१.९७ वर्ग किलोमिटर तथा ५९४२५ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।०६।९ देखि २०८०।०६।१५ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-**आर्थिक कारोबारको बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २९४५७५८६।७५ असुल भई दाखिला प्रमाण पेश भएको छ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | प्रदेशतर्फको ससर्त अनुदान फिर्ता | ६८२५००।०० |

| | | |
|---|---|---|
| २ | संघतर्फको ससर्त अनुदान फिर्ता | २८७७५०८६।७५ |
| | **जम्मा** | **२९४५७५८६।७५** |

२ **वित्तीय विवरणको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म ले प फा नं २७२ (प्राप्ति भुक्तानी हिसाव) र कार्यालयबाट पेश भएको एकिकृत आयव्यय विवरणको संक्षिप्त स्थिति निम्नानुसार रहेको छ :

| **सुत्रबाट सिर्जित म ले प फा नं २७२ (प्राप्ती भुक्तानी हिसाव)** | | | | | |
|---|---|---|---|---|---|
| **प्राप्ती भुक्तानी हिसाव** | | | | | |
| | यस वर्ष रु. | | | गतवर्ष रु. | |
| विवरण | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ८४३७२७१६९.६७ | ५७९८२५७५०.०२ | ५७९८२५७५०.०२ | ९१५३८९८८५.३८ | ९१५३८९८८५.३८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ८३३६९२९०३.१७ | ५६०९४७०७५.७१ | ५६०९४७०७५.७१ | ९०४८५८४३७.०५ | ९०४८५८४३७.०५ |
| ११००० कर | १४८२५४०००. | ११८८०४७३९.७६ | ११८८०४७३९.७६ | ४२४०९४४३७.०५ | ४२४०९४४३७.०५ |
| १३००० अनुदान | ४५६६५१०००. | ४४२१४२३३५.९५ | ४४२१४२३३५.९५ | ४५६३२८०००. | ४५६३२८०००. |
| संघीय सरकार | ४३५४२८०००. | ४२२९१९३३५.९५ | ४२२९१९३३५.९५ | ४३३७३६०००. | ४३३७३६०००. |
| प्रदेश सरकार | २१२२३०००. | १९२२३०००. | १९२२३०००. | २२५९२०००. | २२५९२०००. |
| १४००० अन्य राजस्व | ० | ० | ० | २४४३६०००. | २४४३६०००. |
| ३२००० वित्तीय सम्पत्ति | २२८७८७९०३.१७ | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | १००३४२६६.५ | १८८७८६७४.३१ | १८८७८६७४.३१ | १०५३१४४८.३३ | १०५३१४४८.३३ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० |
| कोषहरु | १००३४२६६.५ | ७८७४२४८. | ७८७४२४८. | ६३३८३८१. | ६३३८३८१. |
| धरौटी | ० | ११००४४२६.३१ | ११००४४२६.३१ | ४१९३०६७.३३ | ४१९३०६७.३३ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ८४३७२७१६९.६७ | ६१५६७३५७२.२७ | ६१५६७३५७२.२७ | ७०५२१४९६९.१ | ७०५२१४९६९.१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ८३३६९२९०३.१७ | ६०६२६९६३८.१९ | ६०६२६९६३८.१९ | ६९६२६६२९९.०४ | ६९६२६६२९९.०४ |
| २१००० पारिश्रमिक / सुविधा | २२८५५५०००. | १८९७१२२८२.६६ | १८९७१२२८२.६६ | १७५४६३४२१.८८ | १७५४६३४२१.८८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८३३७८०००. | १५२५३९०९७.१२ | १५२५३९०९७.१२ | १३१८१३९१८.७९ | १३१८१३९१८.७९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १७५०००. | १७५०००. | १७५०००. | ० | ० |
| २५००० सहायता (Subsidy) | ६५६१०००. | ५३७३१६१.५९ | ५३७३१६१.५९ | ६५३२९३१. | ६५३२९३१. |
| २७००० सामाजिक सुरक्षा | १३५९००००. | १११८१५३०. | १११८१५३०. | ९१९६३१८.५ | ९१९६३१८.५ |
| २८००० अन्य खर्च | ६५१८००००. | ६११९०४१७.८ | ६११९०४१७.८ | ७१३४९७८९.२९ | ७१३४९७८९.२९ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ३३६२५३९०३.१७ | १८६०९८१४९.०२ | १८६०९८१४९.०२ | ३०१९०९११९.५८ | ३०१९०९११९.५८ |
| घ. अन्य भूक्तानी | १००३४२६६.५ | ९४०३९३४.०८ | ९४०३९३४.०८ | ७०५२१४९६९.१ | ७०५२१४९६९.१ |
| कोषहरु | १००३४२६६.५ | ७४३९२०७.२८ | ७४३९२०७.२८ | ६५४६३५९.३६ | ६५४६३५९.३६ |
| धरौटी | ० | १९६४७२६.८ | १९६४७२६.८ | २४०२३१०.७ | २४०२३१०.७ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | -३५८४७८२२.२५ | -३५८४७८२२.२५ | २१०१७४९१६.२८ | २१०१७४९१६.२८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | २३२३२८९१०.८३ | २३२३२८९१०.८३ | ४५५७७९७. | ४५५७७९७. |
| वर्षान्तको बाकी रकम (ङ + च) | | १९६४८१०८८.५८ | १९६४८१०८८.५८ | २१४७३२७१३.२८ | २१४७३२७१३.२८ |
| | | | | | |
| बैंक तथा नगद बाकी | | १९९४८१०८८.५८ | १९९४८१०८८.५८ | २१५११२८१०.१७ | २१५११२८१०.१७ |

## कार्यालयबाट पेश भएको एकिकृत आर्थिक विवरण

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| सि.न. | विवरण | रकम | सि.न. | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | खर्च | |
| | पूँजीगत खर्च | ४३,६४५,२९३.७५ | | मिर्चैया नगरपालिका | ३३७५७६४५०.९० |
| | चालु खर्च | १४,०६२,२१९.८४ | | नगरपालिका शिक्षा | २८८८६३१.२५ |
| | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ६५,६८१,४५७.१९ | | नगरपालिका स्वास्थ्य | ८९६३९३९.६६ |
| | आन्तरिक राजस्व खाता | ४९,६७१,९५५.९९ | | नगरपालिका कृषि | ३९२२५६०.०० |
| | | | | निकासा फिर्ता रेमि परियेजना | ९२०८६४.०५ |
| | संचित कोष खाता | ५५,७२६,९७६.४० | | चेक साट्न बाँकी | ३३०९९५३.०५ |
| | आन्तरिक आय | | २ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | २५१२३२०४९.२० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | आन्तरिक राजस्व | २२४४३६१०.०२ | ३ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ७३१७५००.०० |
| | | | | विषयगत खर्च रकम | |
| | राजश्व बाँड फाँड खाता-मालपाटबाट प्राप्त | २१४७१९९५.८८ | ४ | सामाजिक सुरक्षा | २१५१५७३६१.९३ |
| | राजस्व बाँडफाँड (संघ ) | ८८६११६२९.६२ | | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ९५८८०८२५.३३ |
| | राजस्व बाँडफाँड ( प्रदेश) | ७७५०५२९.०० | ६ | धरौटी फिर्ता | १९६४७२६.८० |
| | संघीय वित्तीय हस्तान्तरण | | | धरौटी बाकी | १३८९६२४९.८३ |
| २ | वित्तीय समानिकरण अनुदान | १४२,९१२,२००.०० | ७ | विभिन्न कोष खर्च | |
| | सशर्त अनुदान, विषेश अनुदान र समपुरक अनुदान | २८०५६३०००.०० | | प्रकोप व्यवस्थापन कोष खाता | ०.०० |
| | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | विविध कोष खर्च खाता-आ.व २०७८/०७९ सा.सु फिर्ता | १४४१९६४१.५३ |
| | वित्तीय समानिकरण अनुदान | ११२२३०००.०० | | विविध कोष खर्च खाता -सडक वोर्ड नेपाल | ७४३९२०७.२८ |
| ३ | सशर्त अनुदान र विषेश अनुदान | ८००००००.०० | | बांकी मौज्दात | |
| | विषयगत निकासा रकम | | | संतिच कोष खाता | २१५१२३३३.०० |
| | सामाजिक सुरक्षा | २१५१५७३६१.९३ | ११ | पुजीगत खाता hf]/ jif | १११९१३५७५.३६ |
| | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ९५८८०८२५.३३ | | चालु खाता hf]/ jif{{ | ४९२४७४२५.१८ |
| | सडक वोर्ड नेपाल | ८३१९०००.०० | | राजश्व बाँड फाँड खाता मालपाटबाट प्राप्त | २१४७१९९५.८८ |
| ४ | धरौटी मौज्दात | ४५०३०७३.२८ | | आन्तरिक राजस्व खाता- | २,४४३,६१०.०२ |
| | धरौटी प्राप्ती | ११००४४२६.३१ | | विविध खर्च खाता | १३४१३९३८.०१ |
| | | | | आकास्मिक कोष खाता | |
| ६ | विभिन्न कोष आम्दानी | | | प्रकोप व्यवस्थापन कोष खाता | २३६१४७८.८० |
| | प्रकोप व्यवस्थापन कोष खाता | २३६१४७८.८० | | आन्तरिक अनुदान खाता | ३८९९६६७.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | आकास्मिक कोष खाता | ०.०० | | | |
| ७ | विविध खर्च खाता | ४२१६३९५०.७२ | | | |
| | | ११९११५३९८४.०६ | | | ११९११५३९८४.०६ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थता** : पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२१५१५७३६१.९३, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.९५८८०८२५.३३, समेत गरी रु.३११०३८१८७.२६ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **फरक हिसाब** : यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा यस दफासँग सम्बन्धित अनुसूचीमा प्रस्तुत गरिए अनुसार गत वर्षको जिम्मेवारी रु. ३५४१००७.६६, यस वर्षको प्राप्ति रु. ३८२५४०३३०.८७ र यस वर्षको भुक्तानी रु. ३७८९९९३२३.२१ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

३.३ **फरक जिम्मेवारी** : पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.२३६२३२८८१.५० मौज्दात रहेकोमा यो वर्ष रु. २३२३२८९१०.८३ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३९०३९७०.६७ घटी जिम्मेवारी सारेको सम्वन्धमा थप विश्लेशण गरी यकिन गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,०३,९७० |

३.४ **बैङ्क हिसाब विवरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातको अवस्था यस दफा सँग सम्बन्धित अनुसूचीमा प्रस्तुत गरिएको छ। पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **खर्च बिश्लेषण** : पालिकाले गत वर्षको जिम्मेवारीबाट रु.२२८७८७९०३.१७, यसबर्ष कुल आन्तरिक आयबाट रु.१४०२७७७६४.५२, संघीय सरकार अनुदानबाट रु.८८६११६२९.६२ प्रदेश सरकार अनुदानबाट रु.७७५०५२९.०० समेत रु. ९६३६२१५८.६२ आम्दानी भएकोमा चालु तर्फ रु.६३२३२८८५१.१४ र पूँजिगत तर्फ रु. २९०६१०४६७.१३ समेत रु. ९२२९३९३९१८.२७ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १४.५४ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु.१०३४३०००.०० खर्च भएको छ जुन आन्तरिक आयको २७.०७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३६.२१ प्रतिशत चालु र २३.८८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

५ **सञ्चित कोषमा स्थानान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ४९२४७४२५.१८, पुँजीगत खातामा रु.१११९१३५७५.३६, आन्तरिक राजस्व खातामा रु. २४४३६१०.०२ र बाँडफाँडबाट प्राप्त राजस्व खातामा २१४७१९९५.८८ मौज्दात रहेको पाइयो ।तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ।

६ **कर दायित्व** : पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.३२७७३७९।२४ देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,७७,३७९ |

७ **बजेट पेश, पारित र अख्तियारी** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा उप प्रमुख श्री जिवछी देवी साहले मिति २०७९/३/९ गते रु.८२ करोड ७० लाख ४८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९/३/१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७९/३/२७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ।

८ **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

९ **अबण्डा बजेट** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष चालु खर्चमा रु.१५००००.०० अबण्डा बजेट व्यवस्था गरेको छ।

१० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ।

११ **कानून र सञ्चालन स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य

प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ऐन, नियमावली र कार्यविधि लगायत निम्नानुसार कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

| क सं | कानुनको नाम | लागु भएको मिति |
|---|---|---|
| १ | न्यायिक समिति ( कार्यविधि सम्बन्धी ) ऐन , २०८० | २०८०।०३।१७ |
| २ | मिर्चैया नगरपालिकाको सहकारी ऐन, २०७९ | २०७९।११।१६ |
| ३ | मिर्चैया नगरपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने ) ऐन , २०७९ | २०७९।११।१६ |
| ४ | वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ | २०७९।११।१६ |
| ५ | मिर्चैया नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७९ | २०७९।१२।२९ |
| ६ | टोल विकास संस्था ( गठन तथा परिचालन ) कार्यविधि , २०७९ | २०७९।१२।२९ |
| ७ | मिर्चैया नगरपालिकाको भुउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड र आधारहरु, २०७९ | २०७९।१२।१५ |
| ८ | मिर्चैया नगरपालिकाको वारुण यन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७९ | २०७९।१२।२९ |

१२ **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था अनुसार फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउने कार्य निम्नानुसार रहेको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| सि.नं. | आर्थिक वर्ष | निवेदन दर्ता | प्रक्रिया शुरू | फछ्यौंट भएको | बाँकी |
|---|---|---|---|---|---|
| १ | २०७४/७५ | ४२ | ३१ | २५ | १७ |
| २ | २०७५/७६ | ६५ | ४५ | ४५ | २० |
| ३ | २०७६/७७ | ६३ | ५७ | ५७ | ६ |
| ४ | २०७७/७८ | ८३ | ५६ | ५६ | २७ |
| ५ | २०७८/७९ | ५१ | २७ | २३ | २८ |
| ६ | २०७९/८० | ८८ | ६३ | ६३ | २५ |
| | जम्मा | ३९२ | २७९ | २६९ | १२३ |

१३ **त्रैमासिक खर्च** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने

देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| बजेट उपशिर्षक | कुल खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| पूँजिगत खर्चतर्फ | १८६०९८ | २२९८ | २१०१४ | २१९९५ | १४०७९१ | १२५०७१ |
| प्रतिशत | | १.२३ | ११.२९ | ११.८१ | ७५.६५ | ६७.२० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१८ करोड ६० लाख ९८ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.२२ लाख ९८ हजार अर्थात १.२३ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. २ करोड १० लाख १४ हजार अर्थात ११.२९ प्रतिशत र तेश्रो त्रैमासिकमा रु.२ करोड १९ लाख ९५ हजार अर्थात ११.८१ प्रतिशत र चौथो त्रैमासिकमा रु. १४ करोड ७ लाख ९१ हजार अर्थात ७५.६५ प्रतिशत खर्च गरेको देखिएको छ। यसैगरी आषाढ महिनामा मात्र रु.१२ करोड ५० लाख ७१ हजार अर्थात ६७.२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।

१४ **क्षेत्रगत बजेट र खर्चको स्थिति** : स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|
| आर्थिक विकास | २१६०० | १७००० | २.०४ |
| सामाजिक विकास | २४४८८० | २१०५७७ | २५.२६ |
| पूर्वाधार विकास | २८९४१८ | १४८९६८ | १७.८७ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २५३०० | २४७५७ | २.९७ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | २५२४९५ | २०४९६७ | २४.५९ |
| **जम्मा** | **८३३६९३** | **६०६२६९** | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी रु २१ करोड ५ लाख ७७ हजार अर्थात कूल विनियोजित बजेटको २५.२६ प्रतिशत र आर्थिक विकासमा कूल विनियोजित बजेटको सबै भन्दा घटी रु.१ करोड ७० लाख अर्थात कूल बिनियोजित बजेटको २.०४ प्रतिशत खर्च भएको छ। पालिकाले एकीकृत, समानुपातिक र दिगो विकासमा क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्ने कार्यमा ध्यान दिनुपर्दछ।

१५ **योजनाको प्राथमिकीकरण** : स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १२ वडाको लागि वडागत र

पालिकास्तरका कुल ३७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाखसम्मका योजना संख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १३ | १० | २ | १ |
| २ | वडास्तरीय | २४ | ११ | ११ | २ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित ३७ योजनाको कार्यान्वयनका प्रगति तयार गरेको छैन। यसबाट योजना कार्यान्वयन गुणस्तरीय भए नभएको के कति योजना निर्माण सम्पन्न भए कति योजना कति प्रतिशत भौतिक प्रगति भए यकिन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१६ **ऐन नियमको पालना :** नगरपालिकाले पालना गर्नुपर्ने विभिन्न ऐन नियम निर्देशिका लगायतका कानूनी व्यवस्थाको पालना भएको स्थिति निम्नानुसार देखिएको छ :

- **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। नगरपालिकाबाट सम्पादन गरिने कार्यहरु दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गरी नतिजा उन्मूख गराउन, वित्तीय जोखिम न्यूनीकरण गर्न एवं वित्तीय विवरणलाई विश्वसनीय बनाई बिकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्न उपयुक्त तवरको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।
- नगरपालिकाले यस बर्ष पुँजिगततर्फ रु.१८ करोड ६० लाख ९८ हजारको खरिद कार्य गरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार गरेको छैन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्नेमा नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन।
- संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयको २०७३।१२।२५ को परिपत्रको बुँदा नं १७ मा उल्लेख भए बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख राखी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा बेरुजूको लगत अध्यावधिक गरेको छैन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।
- निर्माण व्यवसायी वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु मिति, लागत, कार्य सम्पन्न गर्नुपर्ने मिति, म्याद थप भएकोमा म्याद थप मिति, कार्यसम्पादन जमानतको अवधि, कार्यसम्पन्न भएको मिति, नाप गरेको मिति लगायत विस्तृत विवरण देखिने गरी म. ले. प. फा. नं. ५०६ र ५०७ मा ठेक्का अभिलेख खाता राख्नुपर्नेमा सो अनुसार राखेको पाईएन।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन।

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।
- स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६(४ख) मा पालिकाको उपप्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा कतिपय योजनाको अनुगमन उपप्रमुखबाट भएको र प्रतिवेदन पेश गरेको पाईएन। तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

१७ **आन्तरिक लेखापरीक्षण** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१८ **आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन। आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ। तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ।

१९ **आर्थिक सहायता** : पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्ति तथा संस्थालाई रु.३५७०००.०० भुक्तानी भएको छ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

२० **पेश्की फछ्र्यौट** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले १५ दिनभित्र खर्च प्रमाणित गर्न आवस्यक बील भरपाई र कागजात सहितको प्रतिवेदन कार्यालयमा पेश गर्ने र कार्यालयले प्राप्त भएको सातदिनभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने र ढिलो गरेको नियम ५१ बमोजिम १० प्रतिशतका दरले व्याज असुली गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो दफासँग सम्बन्धित अनुसूचीमा उल्लेख भए अनुसार पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म म्याद नाघेको पेश्की रु.१६९७८९१९।०० फछ्र्यौट हुन नसकि बाँकी रहेको छ। पालिकाले नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | १,६९,७८,९१९ |

**(विस्तृत विवरण बेरूजु दफा २० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२१ **लागत सहभागिताः**

२१.१ लागत साझेदारी अन्तर्गत गरिने निर्माण कार्यको लागि तोकिए बमोजिमको अनुपातमा सम्बन्धित बजेट शीर्षक तथा स्रोतबाट खर्च लेख्नुपर्छ। नगरपालिकाले वडा नं १२ मा पासमान बस्ति नजिकमा सामुदायिक भवन निर्माण कार्यको लागि तराई मधेश समृद्धि कार्यक्रम, नगरपालिका श्रोत, प्रधानमन्त्रि रोजगार कार्यक्रम तथा उपभोक्ता समितिको लागत सहभागितामा निर्माण गर्ने गरी रु ७२११८८८।९३ को लागत अनुमान तयार गरेको देखिन्छ। पालिकाले भवन निर्माणको पहिलो रनिङ्ग बिलबाट रु ५६५२०९०।०० भुक्तानी गर्दा तोकिएको अनुपातमा सम्बन्धित स्रोतबाट खर्च लेख्नुपर्नेमा तराई मधेश समृद्धि कार्यक्रमको स्रोतबाट रु १९५९२९५।०० खर्च लेख्नुपर्नेमा रु २३६१०५५।०० खर्च लेखि तराई मधेश कार्यक्रमबाट रु ४०१७६०।०० बढी खर्च लेखेकोले उक्त रकम पालिका श्रोतबाट संघीय सञ्चित कोषमा फिर्ता दाखिला गरि श्रोत मिलान हुनुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०१,७६० |

२१.२ लागत साझेदारी अन्तर्गत गरिने निर्माण कार्यको लागि तोकिए बमोजिमको अनुपातमा सम्बन्धित बजेट शीर्षक तथा स्रोतबाट खर्च लेख्नुपर्छ । नगरपालिकाले श्री आधारभूत विद्यालय पिपरा ढोढनाको दुई कोठे कक्षा निर्माण कार्यको लागि तराई मधेश समृद्धि कार्यक्रम, नगरपालिका श्रोत तथा उपभोक्ता समितिको लागत सहभागितामा निर्माण गर्ने गरी रु ४२२०४३८।४४ को लागत अनुमान तयार गरेको देखिन्छ। पालिकाले भवन निर्माणको पहिलो रनिङ्ग बिलबाट रु १६५५३७१।०० भुक्तानी गर्दा तोकिएको अनुपातमा सम्बन्धित स्रोतबाट खर्च लेख्नुपर्नेमा तराई मधेश समृद्धि कार्यक्रमको स्रोतबाट रु ९८०५६८।०० खर्च लेख्नुपर्नेमा रु २५०००००।०० खर्च लेखि तराई मधेश कार्यक्रमबाट रु १५१९४३२।०० बढी खर्च लेखेकोले उक्त रकम पालिका श्रोतबाट संघीय सञ्चित कोषमा फिर्ता दाखिला गरि श्रोत मिलान हुनुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,१९,४३२ |

२१.३ **अधुरा आयोजना** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष सञ्चालन गरेको योजनाहरु मध्ये नमूना छनौटको आधारमा देहायका योजनाको स्थलगत निरीक्षण गर्दा निर्माण कार्य अधुरो रहेको तथा बजेटको अभावमा योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ। सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन्। यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ।



वडा नं १२ चमार बस्ति नजिकमा सामुदायिक भवन निर्माण कार्य



श्री आधारभूत विद्यालय पिपरा टोलाको दुई कोठे कक्षा निर्माण कार्य

२२ **फरक दर विश्लेषण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा जिल्ला दररेटको आधारमा तयार पार्नुपर्ने व्यवस्था छ। नगरपालिकाले देहायका योजना विभिन्न उपभोक्ता समितिबाट निर्माण गराउदा देहाय बमोजिमको दरले लागत अनुमान तथा भुक्तानी भएकोले Premixed Carpeting कार्यको लागि बिटुमिनको नर्म्स अनुसार ७३० के जि हुनुपर्नेमा ११०० के जि राखि लागत अनुमान तयार पारेको तथा कार्यसम्पन्न प्रतिवेदन बमोजिम सोही दरले भुक्तानी भएको तथा अन्य कामको समेत बढी दरले भुक्तानी भएकोले देहाय बमोजिम रु. १६५४९०।९८ बढी भुक्तानी भएकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी सम्बन्धित सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रु......

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,९५,९०७.४२ |

**(विस्तृत विवरण बेरूजु दफा २२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२३ **शौचालय मर्मत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा रु.१ लाखसम्मको निर्माण कार्य अमानतबाट गराउन सकिने व्यवस्था छ। पालिकाले वडा नं ५ गुदरी बजारमा रहेको सार्वजनिक सौचालय मर्मत गर्नको लागि गो भौ नं ५९२।२०७९।३।२० बाट निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च शीर्षकबाट रु.१९३९५१।०० खर्च लेखेको छ। यस सम्बन्धमा निम्नानुसार देखिएको छ :

**लागत अनुमान तथा मूल्यांकन** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने र सोही ऐनको दफा ५क. मा तयार भएको लागत अनुमान स्वीकृत गराउनु पर्ने व्यवस्था छ। त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (ख) मा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले सौचालय मर्मतको लागि अग्रिम कर रु.२६२१।५० कट्टा गरी जय दुर्गा ट्रेडर्स लाई रु.१६९६५९।५० र सरसफाइ शाखाका चालक पवन कुमार यादवलाई रु.२१६७०।०० गरी रु.१९३९५१।०० खर्च लेखेकोमा लागत अनुमान तयार तथा स्वीकृत गरेको छैन भने सो कामको प्राविधिक नापचाजाँच समेत भएको छैन। ऐन तथा नियमावलीको व्यवस्थाको पालना नगरी गरेको उक्त कार्य अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,९३,९५१ |

२४ **सेक्युरिटि गार्ड सेवा खरिदको भुक्तानी** : पालिकाले ए बि आर सेकुरिटी सर्भिस सेन्टरलाई मिर्चैया अस्पतालमा सेक्युरिटि सेवा उपलब्ध गराए वापत वर्षभरिमा रु.५३३०००।०० भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

२४.१ आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा खरिद वापत रकम भुक्तानी गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थाको सम्झौताको रकममा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले ए बि आर सेकुरिटी सर्भिस सेन्टरलाई मिर्चैया अस्पतालमा सेक्युरिटि सेवा उपलब्ध गराए वापत वर्षभरिमा निम्नानुसार विभिन्न गोश्वारा भौचरहरुबाट रु.५३३०००।०० भुक्तानी गरेकोमा सो प्रा लि ले मू अ कर बिल पेश गरेको छैन। पालिकाले तीन जना सेक्युरिटी गार्डको सेवा उपलब्ध गराएको देखिएकोमा १ प्रतिशत मात्र कर कट्टी गरी भुक्तानी गरेको छ। मू अ कर बेगरको भुक्तानीमा उक्त प्रा लि लाई भुक्तानी भएको रु.५३३०००।०० को १५ प्रतशतले हुने रु.७९९५०।०० मा कट्टी भएको १ प्रतिशत रु.५३३०।०० घटाई हुने रु.७४६२०।०० असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो भौ नं | खर्च लेखेको रकम | १ प्रतिशत कर कट्टी | भुक्तानी |
|---|---|---|---|
| ४८।२०७९।६।९ | ७८००० | ७८० | ७७२२० |
| १२३।२०७९।८।९ | ११७००० | ११७० | ११५८३० |
| १५७।२०७९।८।२६ | ७८००० | ७८० | ७७२२० |
| ३१९।२०७९।११।१४ | १३०००० | १३०० | १२८७०० |
| ४५४।२०८०।२।१९ | ७८००० | ७८० | ७७२२० |
| ५५२।२०८०।३।१५ | ५२००० | ५२० | ५१४८० |
| **जम्मा** | **५३३०००** | **५३३०** | **५२७६७०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,६२० |

२४.२ लेखापरीक्षणको क्रममा मिर्चैया अस्पतालमा सेक्युरिटी सेवा खरिद गर्दा गरेको प्रस्ताव आव्हान तथा सो प्रालिसँग भएको सम्झौता पेश नभएकोले उक्त प्रा लि सँग के कुन दरमा सम्झौता भएको थियो एकिन गर्न सकिएन । सेवा खरिद तथा सम्झौता सम्बन्धि कागजात पेश गरी खर्च पुष्ट्याई गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५८,३८० |

२५ **परामर्श सेवा खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यमा आवश्यक्ता अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहाय अनुसार रु.१४३१६०५।०० को परामर्श सेवा

खरिद गरेको छ । यस्ता कार्यको अध्ययन प्रतिवेदन तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन गरी तयार गरिएका प्रतिवेदन कार्यान्वयनमा ल्याउनु पर्दछ।

| गो भौ नं | संस्था/ व्यक्तिको नाम | प्रयोजन | भुक्तानी रकम |
|---|---|---|---|
| ४४१।२०८०।२।१४ | रिभा डेभलपमेन्ट सपोर्ट सर्भिसेज प्रा लि | संगठन तथा व्यवस्थापन सर्भेक्षण | ४९७२०० |
| ५३१।२०८०।३।१ | आर बि इन्जिनियरिङ्ग कन्सल्टेन्सी | बताह खोला र धुर्मिखोलाको बातावरणीय परीक्षण IEE बापत | ८३४५०५ |
| ६०३।८०।३।२० | विश्वराज डोटेल | ऐन नियम तथा कार्यविधिहरु पुनरावलोकन | ९९९०० |
| | | जम्मा | १४३१६०५ |

२६ **जिवा खोला पुल निर्माणः**

२६.१ **एज विल्ट नक्सा** - सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।त्यस्तै सोही नियमको उपनियम २ मा त्रूटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले ठेक्का नं ०४-MM-NCB-BRIDGE WORKS-२०७७/७८ अन्तर्गत जिवा खोलामा पुल निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री अजय कन्स्ट्रक्सन (३००३७२५६८)सँग २०८०।०५।१५ सम्म निर्माण कार्यसम्पन्न गर्ने गरी मिति २०७८।०५।१६ मा सम्झौता भएकोमा तेस्रो रनिङ्ग बिलसम्म रु १६४१४१०९।३७ भुक्तानी भएकोमा स्थलगत निरीक्षणको क्रममा निर्माण कार्य सम्पन्न भएको तथा एप्रोच सडकको लागि माटो पूर्ने तथा सम्याउने काम बाकी रहेको देखिएकोले नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई एज विल्ट नक्सा बमोजिमको कार्यसम्पन्न भए नभएको सम्बन्धमा यकिन गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ।

२६.२ **पेश्की कट्टाः** सम्झौताको बुँदा नं ५७.३ मा सम्झौता रकमको ३० प्रतिशतभन्दा बढी निर्माण कार्य भएमा प्रत्येक अन्तरिम भुक्तानी प्रमाणपत्रबाट ४० प्रतिशत पेश्की कट्टा गर्नुपर्ने र निर्माण अवधिको ८० प्रतिशत समय व्ययतित हुने बेला सम्म सम्पूर्ण पेश्की कट्टा गरि सक्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण व्यवसायीलाई रु ४५०००००।०० मोविलाईजेशन पेश्की उपलब्ध गराएकोमा तेस्रो रनिङ्ग बिल सम्म रु १६४१४१०९।३७ भुक्तानी भएकोमा मोबिलाईजेशन पेश्की कट्टा नगरेकोले मोबिलाईजेशन पेश्की रु ४५०००००।०० कट्टा हुनुपर्ने देखिएको रु..

| | |
|---|---|
| पेश्की | ४५,००,००० |

२७ **१५ शैया प्राथमिक अस्पताल निर्माणः** नगरपालिकाले ठेक्का नं ३-MM-NCB-Building Works-२०७८/७९ अन्तर्गत नगरपालिकाको १५ शैया अस्पताल भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री श्रृङ्खला निर्माण सेवा प्रा लि (६०१८४७३६५)सँग मिति २०८१।०३।२२ सम्म सम्पन्न गर्ने गरी मिति २०७९।०३।२२ गते मूल्य रू.

१७१९९८०७६।५८(मू.अ.कर तथा पि एस समेत) मा सम्झौता भएकोमा तेस्रो रनिङ्ग बिलसम्म रु. ८७२४६८४८।७३ख(मू.अ.कर समेत) भुक्तानी भएकोमा उक्त ठेक्काको सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

२७.१ **मोविलाइजेशन पेश्की :** निर्माण व्यवसायीसंग भएको सम्झौताको वुदा नं ५७.१ मा ठेक्का सम्झौता भएपछि सम्झौता रकमको २० प्रतिशत(भ्याट र पि. एस. बाहेक) रकम दुई बराबर किस्तामा पेश्की रकम भुक्तानी गर्नुपर्ने तथा १० प्रतिशत रकम सम्झौता भएको शुरुमा बाँकी विमा, श्रमिक, निर्माण सामाग्री, निर्माण स्थलमा संकलन गरी निर्माण कार्य शुरु गरेपछि कार्य प्रगतिको आधारमा थप १० प्रतिशत मोविलाइजेशन पेश्की दिन सकिने व्यवस्था छ। पालिकाले निर्माण व्यवसायीलाई सम्झौता रकम(मु अ कर समेत)को २० प्रतिशत रु २९५६५०९९।०० पेश्की उपलब्ध गराउनुपर्नेमा रु ३०९४७०००।०० पेश्की दिएकोले रु १३८१९०१।०० बढी मोविलाइजेशन पेश्की दिएकोले २०८०।श्रावण देखि असोज मसान्तसम्म १० प्रतिशत व्याजको दरले तिन महिनाको व्याज समेत रु १४१६४४९।०० फिर्ता दाखिला गराउनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,१६,४४९ |

२७.२ **पेश्की कट्टा :** सम्झौताको बुँदा नं ५७.३ मा सम्झौता रकमको ३० प्रतिशतभन्दा बढी निर्माण कार्य भएमा प्रत्येक अन्तरिम भुक्तानी प्रमाणपत्रबाट ४० प्रतिशत पेश्की कट्टा गर्नुपर्ने र निर्माण अवधिको ८० प्रतिशत समय व्ययतित हुने बेला सम्म सम्पूर्ण पेश्की कट्टा गरि सक्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण व्यवसायीलाई रु ३०९४७०००।०० मोविलाईजेशन पेश्की उपलब्ध गराएकोमा तेस्रो रनिङ्ग बिल सम्म रु ८७२४६८४३।७३ भुक्तानी भएकोमा मोबिलाईजेशन पेश्की कट्टा नगरेकोले३० प्रतिशत कामभन्दा बढी रु ५४०४६७२०(मु अ कर बाहेक) को ४० प्रतिशतले हुने मोबिलाईजेशन पेश्की रु २१६१८६८८।०० कट्टा हुनुपर्ने देखिएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१६,१८,६८८ |

२७.३ **बिल भरपाई :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेखु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले बिल भरपाई वेगर प्रोभिजनल सम आईटममा रहेको ल्याब टेष्ट वापतको रु ९९६३५।०० तथा कार्यसम्पादन जमानत कमिसन वापत रु २७५०००।०० समेत ३७४६३५।०० रकम भुक्तानी दिएकोले सो खर्चलाई पुस्टयाई गर्ने बिल भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने देखिएको रु..........

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७४,६३५ |

२८ **राष्ट्रपति शैक्षिक कार्यक्रमः**

२८.१ **विद्यालय भौतिक पूर्वाधार निर्माण** : शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार

कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा जारी निर्देशन अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्र‌इङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ। उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु.१५७५००००।०० निकासा भएको छ। तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन्। तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.......

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५७,५०,००० |

**(विस्तृत विवरण बेरूजु दफा २८.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२८.२ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान :** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१३ मा शिक्षण सिकाइमा ICT को प्रयोगका लागि अनुदान दिने व्यवस्था छ । कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई ICT ल्याव व्यवस्थापनका लागी रु.१३०००००।- निकासा भएको देखिन्छ। विद्यालय र पालिकाबीच भएको सम्झौता पत्र अनुसार विद्यालयले २०८० असार १५ सम्ममा कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ। विद्यालयले कार्यसम्पन्न प्रतिवेदन पेश गरेका छैन। कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,९०,००० |

**(विस्तृत विवरण बेरूजु दफा २८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

२८.३ **प्राविधिक धार अनुदान :** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.४४५ मा कक्षा ११ स्तोरन्नति भएका प्राविधिक धारका विद्यालयको भवन निर्माण तथा ल्याब व्यवस्थापनका लागि रु ५००००००।०० अनुदान दिने व्यवस्था बमोजिम श्री मोहना माध्यमिक विधालय मिर्चैया सिरहालाई रु ५००००००।०० निकासा भएको देखिन्छ। विद्यालयले भवन निर्माण तथा ल्याब व्यवस्थापनको कार्य सम्पन्न नगरेकोले कार्यसम्पादन प्रतिवेदन पेश गर्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००,००० |

## २९ प्रदेश समपूरक अनुदानः

२९.१ **अधुरो योजना :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ वमोजिम खरिद सम्झौतामा उल्लेखित अवधी भित्र कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। पालिका ठेक्का नं १-MM-NVB-ROAD DRAIN WORKS-२०७८/७९ अन्तर्गत वडा नं १० र ११ पिपरा मथिलेश्वर हुँदै सोनि जाने बाटो नाला निर्माणको लागि निर्माण व्यवसायी श्री श्री शक्ति निर्माण सेवा (३०५११५००५) सँग रु ३९२४८२५।७९(मु अ कर समेत) मा मिति २०७९।०३।१५ सम्म सम्पन्न गर्नेगरी मिति २०७९।०२।१२ गते सम्झौता भएकोमा सम्झौतामा तोकेको

समयमा कार्य सम्पन्न नगरी निर्माण कार्य अधुरै रहेको देखियो। पालिकाले उक्त बाटो तथा नाला निर्माण कार्यको सार्वजनिक खरिद ऐन तथा सम्झौता वमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गरी निर्माण कार्य फरफारक गरिनु पर्दछ।

२९.२ **लागत सहभागिता :** प्रदेश समपूरक अनुदान सम्बन्धि कार्यविधि, २०७८ को दफा ३(१) मा उल्लिखित व्यवस्था अनुसार छनोट भएको आयोजनाको प्राथमिकता, उपलब्धि, दिगोपना समेतका आधारमा प्रदेश वा स्थानीय तहको आधारमा दफा ४(२) मा कुल लागतको बढीमा ७० प्रतिशतसम्म प्रदेश सरकारले समपूरक अनुदानको रूपमा प्रदान गर्ने उल्लेख छ। पालिकाले वडा नं १० र ११ पिपरा मथिलेश्वर हुँदै सोनि जाने बाटो नाला निर्माणको लागि ५० प्रतिशत अनुदान हुने गरी लागत अनुमानको आधारमा पालिकाले रु २९०३१८६।७३ को ५० प्रतिशत रकम मात्र प्रदेश अनुदानबाट खर्च रु १४५१५९३।३७ खर्च लेख्नुपर्नेमा रु २००००००।०० खर्च लेखेकोले रु ५४८४०६।६४ घटी लागत सहभागितामा काम गराएकोले घटी लागत साझेदारी रकम पालिकाबाट प्रदेश सञ्चित कोषमा शोधभर्ना गर्नुपर्ने देखिएको रु.......

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,४८,४०६.६४ |

३० **प्रधानमन्त्री रोजगार कार्यक्रम** : स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १२ वडामा ४२ योजना सञ्चालन गरी यस वर्ष ३१३ जनालाई औसत ८७ दिनले २७११३ दिन रोजगारी उपलव्ध गराई रु १,६२,६८,२०४ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएको देखिन्छ।

३१ **लघु उद्यम कार्यक्रम** : गरिवी निवारण निर्देशिका २०७७ को बुंदा नं.३० मा उद्यमशीलता विकास तालिम,सीप विकास तालिम ,प्रविधिको हस्तान्तरणको स्थलगत अध्ययन गरी तथ्याङ्क तयार गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाबाट लघु उद्यम कार्यक्रमको लागि रु.३२०४३२०.००बजेट खर्च भएको छ। तालिम सञ्चालन पश्चात उद्यम सञ्चालन गरे नगरेको तालिममा सिकेको सीपकोसदुपयोगबाट आय आर्जन गरे नगरेको तथ्याङ्क तयार गर्नुपर्ने साथै प्रविधि हस्तान्तरण गरेपछि प्रविधिको सदुपयोग भए नभएको तथ्याङ्क तयार गर्नुपर्नेमा तयार गरेको छैन। यस्तै गरिवी निवारण निर्देशिका २०७७ को बुंदा नं.३१ मा उद्यमशीलता विकास तालिम,सीप विकास तालिम गरेका ,प्रविधिको हस्तान्तरण गरेका स्रोत साधनको अभावको कारणले उद्यमीहरुले उद्यम सञ्चालन गर्न आंशिक सहयोग गर्नु पर्दछ भन्ने व्ववस्था भएपनि यस बमोजिम कुनै काम भएको छैन। यसर्थ लघु उद्यमबाट नया उद्यमीहरुको विकास र नया उद्यमीहरुको सृजना भएको छ भन्ने यकिन हुने गरी तथ्याङ्क तयार हुनुपर्दछ।

३२ **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले देहाय बमोजिमका

निर्माण व्यवसायीहरुलाई प्राविधिक नापजाँचभन्दा बढी रु ३५२५२।०० रकम भुक्तानी दिएकोले असुल हुनुपर्ने देखिएको रु.....

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,२५२.०३ |

**(विस्तृत विवरण बेरूजु दफा ३२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३३ **टुक्रा खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले मिर्चैया अस्पतालको चमेना गृह निर्माण, मर्मत सम्भार तथा रंगरोगनको कार्यको लागि रु ५२५०११३।४६ खर्च लेखेको देखिएकोमा उक्त कार्यहरुको लागि एउटै प्याकेज बनाई कार्य गराउनुपर्नेमा विभिन्न निर्माण व्यवसायीबाट सोझै तथा उपभोक्ता समितिबाट कार्य गराएकोले नियमसम्मत नदेखिएको रु......

| | |
|---|---|
| अनियमित भएको | ५२,५०,११३.४६ |

**(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

३४ **करार कर्मचारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा ५६ जना कर्मचारीहरु करारमा राखी रु.१७४७३५८४।०० खर्च लेखेको छ। त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करार सेवाबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। ती बाहेक अन्य पदमा प्रदेश लोकसेवा आयोगमा माग गरी स्थायी पदपूर्ति गर्नुपर्नेमा यस पालिकाले माथि उल्लेखित पद वाहेकको करारमा राख्न नमिल्ने विभिन्न ४ पदमा २० जना करार नियुक्ति गरी बर्षभरीमा रु.६८८७३६१।०० भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६८,८७,३६१ |

३५ **तलवी प्रतिवेदन** : निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रु.३९४३८२११।०० शिक्षातर्फ रु.९३४८२३२७।०० र पालिकाका कर्मचारीको रु.३१५१४७७६।०० समेत रु.१६४४३५३१४।०० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३६ **दोहोरो सुविधा** : मधेश प्रदेश सरकारद्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ४ (३) मा यातायात खर्च उपलब्ध गराएको पदाधिकारीले सवारी साधन इन्धन र मोबिल खर्च नपाउने उल्लेख छ। पालिकाकाले निम्नानुसार पदाधिकारीहरुलाई मासिक सुविधा अन्तर्गत इन्धन मोबिल र यातायात खर्च दुवै भुक्तानी गरेको छ। यातायात खर्च भुक्तानी भएका पदाधिकारीहरुबाट इन्धन र मोबिल वापत भुक्तानी भएको रकम असुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| पद | नाम | ईन्धन खर्च | कैफियत |
|---|---|---|---|
| उपप्रमुख | जिवछि देवी साह | २२२५० | ४ महिनाको |
| वडा सदस्य वडा नं १ | रुपेश कुमार महतो | ५४३० | ४ महिनाको |
| वडा अध्यक्ष वडा नं २ | हरेराम श्रेष्ठ | ५४३० | ४ महिनाको |
| वडा अध्यक्ष वडा नं ५ | प्रदिप कुमार साह | ५४३० | ४ महिनाको |
| वडा अध्यक्ष वडा नं ४ | दिलिप कुमार सिंह | ५४३० | ४ महिनाको |
| वडा अध्यक्ष वडा नं ९ | दिनेश कुमार मण्डल | ५४३० | ४ महिनाको |
| वडा अध्यक्ष वडा नं १० | संजय कुमार साह | ५४३० | ४ महिनाको |
| वडा अध्यक्ष वडा नं १२ | मनेलाल यादव | ५४३० | ४ महिनाको |
| वडा सदस्य वडा नं १२ | पवित्रि देवी | ५४३० | ४ महिनाको |
| वडा अध्यक्षा वडा नं ६ | राम प्रकाश महासेठ | ५४३० | ४ महिनाको |
| वडा अध्यक्ष वडा नं ७ | राम दयाल ठाकुर | ५४३० | ४ महिनाको |
| वडा अध्यक्ष वडा नं ८ | विरेश्वर यादव | ५४३० | ४ महिनाको |
| वडा अध्यक्षा वडा नं ११ | चन्द्रदिप कुमार यादव | ५४३० | ४ महिनाको |
| | जम्मा | ८७४१० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८७,४१० |

३७ **पदाधिकारी बैठक भत्ता** : मधेश प्रदेश सरकारद्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ७ (१) मा स्थानीय निकायका पदाधिकारीहरुले प्रत्येक महिना बढीमा तीनवटा बैठकसम्मको बैठक भत्ता पाउने व्यवस्था छ। जस अनुसार पदाधिकारीहरुले वर्षभरिमा बढीमा ३६ वटासम्म बैठकको बैठक भत्ता पाउने व्यवस्था छ। पालिकाले यस दफासँग सम्बन्धित अनुसूचीमा उल्लेखित

पदाधिकारीहरुलाई ऐनमा भएको व्यवस्थाभन्दा बढी बैठक भत्ता भुक्तानी गरेकोले बढी भुक्तानी भएको बैठक भत्ता वापतको रु.७६५००।०० सम्बन्धित पदाधिकारीबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७६,५०० |

**(विस्तृत विवरण बेरूजु दफा ३७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

३८ **बढी तलव भुक्तानी** : नेपाल सरकार अर्थ मन्त्रालयले २०७९ श्रावण १ देखि लागु हुने तलवमानमा प्रदेश तथा स्थानीय तहतर्फ सहायक चौथोको मासिक तलव रु.३२९०२।०० तोकेको छ। पालिकाले सहायक चौथो (पशुसेवा प्राविधिक) पदको लागि नन्दकिशोर कुमार यादव सँग सम्झौता गरी तलव भुक्तानी गर्दा सहायक पाँचौ को तलव स्केल अनुसार मासिक रु.३४७३०।०० भुक्तानी गरेको छ। यसरी जुन पदको लागि सम्झौता भएको हो सोही पदको तलव भुक्तानी गर्नुपर्नेमा माथिल्लो तहको तलव भुक्तानी गरेकोले निजलाई २०७९ माघ देखि २०८० आषाढसम्म बढी भुक्तानी भएको रु.१०९६८।०० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,९६८ |

३९ **डोर हाजिरीबाट भूक्तानी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न व्यक्तिहरुलाई डोर हाजिर मार्फत वर्षभरिमा रु.२१६००००।०० भुक्तानी गरेको छ। स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था अनुसार कामको प्रकृति अनुसार दरबन्दी प्रस्ताव गरी स्थायी वा करार कर्मचारीमार्फत कार्य गराउनु पर्नेमा डोर हाजिरमार्फ काम गराई थप व्ययभार पारेको छ।

४० **बैठक भत्ता** : अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को दफा ७.१.१(३) बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था छ। पालिकाले पालिकाकै यस दफासँग सम्बन्धित अनुसूचीमा उल्लेखित कर्मचारीहरु मात्र सम्मिलित कर्मचारी बैठक भनी निर्देशिका विपरीत रु २६३९२५।०० बैठक भत्ता भुक्तानी भएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६३,९२५ |

**(विस्तृत विवरण बेरूजु दफा ४० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४१ **विविध खर्च** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविध खर्च शीर्षकमा रु.४३४९५६१।०० खर्च लेखेको छ । जसमध्ये खाना खाजा होटलवास आदिका लागि विभिन्न होटलाई रु. २७३८३०५।५० भुक्तानी गरेको छ। त्यसैगरी सभा संचालन कार्यमा रु.१०७३६४३।०० खर्च गरेको छ । पालिकाले विविध खर्चलाई मितव्ययी बनाउँदै अनावस्यक खर्चलाई कटौती गर्नेतर्फ ध्यान दिनु पर्दछ। विभिन्न होटललाई भुक्तानी भएका केही उदाहरणहरु निम्नानुसार छन् :

| होटलको नाम | रकम |
|---|---|
| मारुती होटल प्राली | ४०१२०७ |
| होटल होलिडे एण्ड पार्टी प्यालेस प्रा लि | ९८६९८७ |
| माखन खाजा घर | १९२०८ |
| रामजानकी होटल एण्ड पार्टी प्यालेस मिर्चैया प्रा लि | ५७९६१५ |
| होटल होलिडे एण्ड पार्टी प्यालेस प्रा लि | ४४६१३६ |
| होटल होलिडे एण्ड पार्टी प्यालेस प्रा लि | ३०५१५४ |

४२ **भ्रमण खर्च** : भ्रमण खर्च नियमावली, २०६४ को नियम १६(१) मा भ्रमणमा खटिने पदाधिकारीले दैनिक भत्ता तथा भ्रमण खर्चको बिलसँग भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। त्यसैगरी सोही नियमावलीको नियम २१ मा भ्रमण खटिने कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभलेख राख्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारी तथा कर्मचारीको लागि रु.३११२५७०।०० भ्रमण खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्था अनुरुप भ्रमण अभिलेख राखेको छैन भने अधिकांस कर्मचारी तथा पदाधिकारीले भ्रमण पश्चात भ्रमण प्रतवेदन पेश गरेका छैनन्। नियमावलीमा भएको व्यवस्थाको पालना गरी भ्रमण खर्च लेख्नेतर्फ कार्यालयले ध्यान पुर्याउनु पर्दछ।

४३ **इन्धन खर्चको मापदण्ड** : नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ। कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष रु.९२८६२०४।०० इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन। इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। साथै सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा ईन्धन भुक्तानीको विवरण प्रविष्ट गरी ईन्धन खर्चलाई पारदर्शी तथा मितव्ययी बनाउनु पर्दछ।

४४ **वडा संचालन खर्च** : नगरपालिकाले वडा कार्यालयको लागि बजेट विनियोजन गरी कार्यालय संचालन सम्बन्धि सामाग्री खरिद गरेको आधारमा यो वर्ष रु.४११२०००।०० खर्च लेखेको छ । तर प्रमुख प्रशासकीय अधिकृतबाट वडा सचिवलाई खर्चको अख्तियारी दिएको छैन। यस्तो अवस्थामा नगरपालिका कार्यालयबाटै खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ । सरकारी सम्पत्तिको अभिलेख राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) तयार गरी २०७९।८० देखि अनिवार्य रुपमा प्रयोग गर्ने गरी लागु गरेको छ। आर्थिक वर्ष २०७८।७९ देखि जिन्सी अभिलेख म्यानुअल (रजिष्टर) मा राख्न मिल्दैन। पालिकाले वडा सञ्चालन खर्चको लागि वडा कार्यालयहरुबाट खरिद गरिएका सामानहरु अझै पनि म्यानुअल नै दाखिला गरेको देखियो। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको पूर्ण रुपमा कार्यान्वयन हुनुपर्दछ।

४५ **बिज्ञापन वापतको रकम कट्टा गर्नुपर्ने** : बिज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क. को उपनियम ३ र ४ मा विज्ञापन वापतको रकम भुक्तानी गर्दा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ। पालिकाले निम्नानुसार बिज्ञापन वापत भुक्तानी भएको रकममा सो अनुसार रकम कट्टा नगरी भुक्तानी गरेको पाइयो। सम्बन्धित मिडियाबाट भुक्तानीको ३ प्रतिशत कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था गर्नुपर्दछ ।

| गो भौ नं | भुक्तानी पाउने | भुक्तानी रकम | ३ प्रतिशत रकम |
|---|---|---:|---:|
| ३१।२०७९।६।८ | जेनियल न्यूज प्रालि | ४२००० | १२६० |
| ३१।२०७९।६।८ | धामिनी माई मिडिया प्रालि | ११२५०० | ३३७५ |
| ८९।२०७९।७।२४ | राष्ट्रिय दैनिक वेलकम पत्रिका | ७४५३१ | २२३६ |
| ८९।२०७९।७।२४ | राष्ट्रिय दैनिक वेलकम पत्रिका | १४९०६३ | ४४७२ |
| ८९।२०७९।७।२४ | राष्ट्रिय दैनिक वेलकम पत्रिका | १४४०९४ | ४३२३ |
| ८९।२०७९।७।२४ | हली माली मेडिया प्रा लि | २१२७२५ | ६३८२ |
| ९४।२०७९।७।२४ | राष्ट्रिय दैनिक वेलकम पत्रिका | १६२८२५ | ४८८५ |
| ११६।२०७९।८।७ | वेलकम मिडिया हाउस प्रा लि | २१२६२५ | ६३७९ |
| १७५२०७९।९।१ | राष्ट्रिय वेलकम दैनिक पत्रिका | ९९३७५ | २९८१ |
| १७३।२०७९।९।१ | समाज कल्याण मिडिया हाउस प्रालि | २२०५०० | ६६१५ |
| १९१।२०७९।९।३ | वेलकम मिडिया हाउस प्रा लि | २२०५०० | ६६१५ |
| २३७।२०७९।९।२० | जानकी टिडे मिडिया प्रालि | २२२००० | ६६६० |
| ४८१।२०८०।२।३० | बलभद्र मिडिया प्रालि र मधेश टुडे मिडिया प्रा लि | १९७००० | ५९१० |
| ३६३।२०७९।११।२१ | धामिनी माई मिडिया प्रा लि | ७७१७५ | २३१५ |
| ४९२।२०८०।३।२ | समाज कल्याण मिडिया प्रा लि | १३२१६९ | ३९६५ |
| ५०१।२०८०।३।२ | राष्ट्रिय वेलकम दैनिक पत्रिका | ७४५३१ | २२३६ |
| ५०१।२०८०।३।२ | हलिमालि मिडिया प्रा लि | ७०८७५ | २१२६ |
| ५३२।२०८०।३।११ | जानकी टुडे मिडिया प्रालि | ९६६९८ | २९०१ |
| ६३२।२०८०।३।२२ | सरुन मिडिया प्रा लि | ४९७००० | १४९१० |
| ६३५।२०८०।३।२२ | समाज कल्याण मिडिया हाउस प्रा | ५९६२५ | १७८९ |

| | | | |
|---|---|---|---|
| ६४३।२०८०।३।२२ | सुरुची मिडिया प्रा लि | ६५८१२ | १९७४ |
| ६४३।२०८०।३।२२ | सुरुची मिडिया प्रा लि | ७५००० | २२५० |
| ६४७।२०७९।३।२३ | राष्ट्रिय वेलकम दैनिक पत्रिका | ५४६५६ | १६४० |

४६ **जनचेतना मुलक कार्यक्रम प्रशारण**

✂..............*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३० को निर्णयबाट रु.९८०००।०० सम्परीक्षण भएको)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४७ **विद्युत महसुल** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले विभिन्न भौचर नम्बरहरुबाट विद्युत महसुल भुक्तानी गर्दा २५ प्रतिशतसम्म जरिवाना भुक्तानि गरेकोले निम्नानुसार रु.२९१४४।०० थप व्ययभार परेको छ। विद्युतको महसुल समयमै भुक्तानी गरी छुट सुविधा लिनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| गो भौ नं | विद्युतको बिल रकम | जरिवाना रकम | जिरवाना समेत जम्मा |
|---|---|---|---|
| ८४।२०७९।७।२२ | २६२५० | ३७५० | ३०००० |
| २७४।२०७९।१०।२३ | ९१८७५ | १३१२५ | १०५००० |
| ४७४।२०७९।२।२४ | ५५२५६ | ७८९४ | ६३१५० |
| ६३।२०७९।७।३ | ३०६२५ | ४३७५ | ३५००० |
| **जम्मा** | | २९१४४ | |

४८ **घर बहाल कर** (२००-२०७९-९-१२): पालिकाले प्रयोग गरेको इन्द्रदेवी साह सुडीको २०७९ कार्तिक र मंसिरको घरभाडा वापत रु.५५५५६।०० भुक्तानी गर्दा १ प्रतिशत मात्र कर रु.५५५।५६ कट्टा गरी रु.५५०००।४४ भुक्तानी गरेको छ। नपुग घर बहाल कर ५०००।०० सम्बन्धित घर धनीबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००० |

४९ **अनुत्पादक तथा वितरणमुखी खर्च** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष विभिन्न पूजा, मेला, महोत्सव लगायतमा खर्च गरेको उल्लेख गरी विभिन्न व्यक्ति तथा समितिलाई रु.८५९२८९।०० भुक्तानी दिएको छ। त्यस्ता खर्चमा भोजमा आवश्यक पर्ने सामग्री खरिद गरेको, पूजा पाठ, नाँचका सामान, टेन्ट आदि जस्ता सामाग्रीको लागि भुक्तानी दिएको,

खेलकुद सामाग्री आदिमा विभिन्न किराना पसलका टुक्रा विलहरु समेत पेश भएको देखियो। यस प्रकारका खर्चमा नियन्त्रण गरी खर्चलाई मितव्ययी बनाउँदै उत्पादन मुखी कार्यमा खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। त्यस्ता खर्चका केही उदाहरण निम्नानुसार छन्ः

| गो भौ नं | विवरण | रकम |
|---|---|---|
| ३२७।२०७९।११।१५ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १००००० |
| ५८२।२०८०।३।१९ | आ वि मटियर्वा लाई खेलकुद सामाग्री वितरण खर्च लेखेको | १९५१२८ |
| ६०८।२०८०।३।२९ | होलि मिलन कार्यक्रम | ३८२५०५ |
| ६१६ २०८०।३।३९ | दुर्गा मेला समितिलाई भुक्तानी वडा नं २ मा झिझिया नाँच | १३०००० |
| ६२५३।२२ ८१८५६ | नगरसभाको लागि गाम्छा र दोसल्ला | ८१६५६ |
| | **जम्मा** | **८५९२८९** |

५० **सफ्टवेयर खरिद तथा प्रयोग** : नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। पालिकाले गो भौ नं ३२१।२०७९।११।१४ बाट न्यायीक समिती शाखामा न्यायीक मामिला ब्यवस्थापन प्रणालाी खरिद तथा जडान कार्य वापत सर्च सफ्ट नेपाल प्रा.लि. लाई रु.४९८८९५।०० खर्च लेखेको छ। त्यसैगरी गो भौ नं ५०९।२०८०।३।४ बाट साग्रिला informatics pvt ltd लाइ आय लेखा र मालपोत तथा भुमिकर र सिफारिस सफ्ट्वेयर नविकरण शुल्क वापत रु.२२९२७७।०० भुक्तानी गरेकोमा सूचना तथा प्रविधि विभाग तथा महालेखानियन्त्रक कार्यालयबाट बाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिएर मात्र प्रयोगमा ल्याउनु पर्दछ।

५१ **अन्य कार्यालयको खर्च** (३९०-२०७९-११-२६)ः स्थानीय सरकार संचालन ऐन,२०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्य दक्षता र औचित्यतता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिर सशस्त्र प्रहरी मिर्चैयाको लागि रु.६३२८०।०० को खेलकुद सामाग्री खरिद गरेको छ। यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढदै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण हुनुपर्दछ।

५२ **खर्च पुष्टयाईको प्रमाण** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले यस दफासँग सम्बन्धित अनुसूचीमा उल्लेखित अनुसारको खर्च लेखेकोमा खर्च पुष्टयाईको प्रमाण पेश भएको देखिएन। नियमावलीमा भएको व्यवस्था अनुसार रु.९५६०६।०० को बिल भरपाई तथा प्रमाण कागजात पेश नभएकोले प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९५,६०६ |

**(विस्तृत विवरण बेरूजु दफा ५२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५३ **अन्य कार्यालयको भ्रमण खर्च** (६५६-२०८०-३-२३): स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी भ्रमण खर्च नियमावली, २०६४ को नियम ३ मा भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च गर्नेगरी भ्रमण गर्न वा काजमा जान हुँदैन भन्ने व्यवस्था छ। पालिकाले जि प्र का सिरहाका नायव सुब्बा दिनेश भट्टराईलाई निम्नानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराएको छ। निजको भ्रमण आदेश जि प्र का बाट प्रमाणित हुनुको साथै निजलाई किन पालिकाबाट भुक्तानी दिनु परेको हो सो समेत नखुलाई रु.२२४००।०० भुक्तानी गरेको छ। उक्त भुक्तानी गर्नुपर्नाको कारण स्पष्ट गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो भौ नं | भ्रमण गरेको मिति | भ्रमण गरेको स्थान | भुक्तानी रकम |
|---|---|---|---|
| ६५६।२०८०।३।२३ | ८।४ देखि ८।९ | काठमाण्डौ सिरहा | १२५०० |
| ६५६।२०८०।३।२३ | ६।३० देखि ७।६ | काठमाण्डौ सिरहा | ९९०० |
| | | **जम्मा** | **२२४००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,४०० |

५४ **कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा खरिद वापत रकम भुक्तानी गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थाको सम्झौताको रकममा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मुल्य अभिवृद्धि कर बिजक पेश नगरेका यस दफासँग सम्बन्धित अनुसूचीमा उल्लेखित संस्थालाई सेवा खरिद गरी रु. ८९६५७५।०० भुक्तानी दिएको छ। मुल्य अभिवृद्धि कर विजक जारी नगर्ने उक्त संथालाई भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा रु.७७४४६।०० घटी कर कट्टी गरी भुक्तानी गरेकोले कर छुट भएको रकम सम्बन्धित संस्थाबाट असुल गरी संघिय राजश्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७७,४४६ |

**(विस्तृत विवरण बेरूजु दफा ५४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

५५ **बढी स्टेशनरी खर्च** : नेपाल सरकार अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका, २०७७ मा नगरपालिका स्तरीय तालिम संचालनको लागि स्टेशनरी खर्च लेख्दा प्रति सहभागी रु.१००।०० दरले भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार संस्थाहरुलाई तालिम संचालन गर्दा स्टेशनरी खर्च निर्देशिकाले उल्लेख गरेको भन्दा रु. २९५००।०० बढी भुक्तानी गरेको छ। कार्य सञ्चालन निर्देशिकाले तोकेभन्दा बढी भुक्तानी भएको रकम सम्बन्धित संस्थाबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो भौ नं | कार्यक्रम | संस्थाको नाम | सहभागी | स्टेशनर खर्च | खर्च लेख्नु पर्ने | बढी खर्च |
|---|---|---|---|---|---|---|

| | | | संख्या | लेखेको | | लेखेको |
|---|---|---|---|---|---|---|
| ४०६।२०८०।२।४ | सिपमुलक तालिम संचालन जुनियर प्लम्बर तालिम | लोटस ट्रेनिङ्ग सेन्टर | ३० | २५० को दरले ३० जनाको रु.७५०० | रु १०० को दरले ३०००।०० | ४५०० |
| ६३०।२०८०।३।२२ | महिलाहरुलाई कानुन सम्बन्धी जनचेतनामूलक तालिम | सामुदायिक महिला सिप तथा दलित ट्रष्ट | २५० | २०० को दरले २५० जनाको रु ५०००० | रु १०० को दरले रु.२५००० | २५००० |
| | | | | | जम्मा | २९५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,५०० |

५६ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान** (२१९-२०८०-३-१७): शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थान तथा विज्ञान प्रयोगशाला अनुदान वापत रु.६५००००।०० अनुदान दिने व्यवस्था छ। पालिकाले श्री शारदा मा वि रामपुरविर्तालाई पुस्तकालय व्यवस्थापनको लागि रु.६५००००।०० अनुदान रकम निकासा गरेकोमा अनुदान रकमबाट भएको खर्चको बिल भरपाइ तथा सो कार्य सम्पन्न भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

५७ **दिवा खाजा** : शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०७९।८० का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकाको कृयाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयमा बालविकासदेखि कक्षा ६ सम्म अध्ययनरत बालबालिकाका लागि विद्यालयमा उपस्थित भएको दिनको दैनिक रु.१५।०० का दरले १८० दिनसम्मको दिवाखाजा वापत अनुदान निकासा गर्नुपर्ने व्यवस्था रहेको छ। यसरी रकम निकासा गर्दा प्रथम त्रैमासिकमा IEMS मा समावेश भएको बालविकासदेखि कक्षा ६ सम्मको विद्यार्थी संख्यालाई आधार मानी विद्यालयमा रकम निकासा दिने र दोस्रो त्रैमासिकदेखि भौतिक रुपमा विद्यालय पुरा चलेको दिनको आधारमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराई संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष दीवाखाजाको लागि विद्यायहरुमा रु.५०९७८४०।०० निकासा गरेको छ। विद्यालयबाट प्राप्त विद्यार्थि संख्यालाई सत्यापन गरेर मात्र निकासा गर्नुपर्नेमा सो अनुसार सत्यापन गरेको देखिएन। विद्यार्थी संख्या सत्यापन गरी वास्तविक विद्यार्थी संख्याका आधारमा दीवाखाजा निकासा गर्नुपर्दछ।

५८ **प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सहयोग अनुदान** (१९६-२०८०-३-८): शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.३ मा प्राविधिक धार अन्तर्गतका विद्यालयलाई Lab Assistant, Equipment and Practical material, OJT, Operation Cost

व्यवस्थापनका लागि प्रति विद्यार्थि लागत अनुदान दिने व्यवस्था छ। पालिकाले यस वर्ष श्री मोहन मा वि मिर्चैया लाई यस कृयाकलाप अन्तर्गत रु.२२३५०००।०० अनुदान उपलब्ध गराएको छ। प्राविधिक धार अन्तर्गत तोकिएको मापदण्ड अनुसार विद्यालय संचालन भए नभएको सम्बन्धमा नगरपालिकाले अनुगमन गरी कार्य सम्पन्न भएको तथा कार्यान्वयन पुस्तिकामा व्यवस्था भए बमोजिम सो कार्यक्रम सम्पन्न भए नभएको सम्बन्धमा नगरपालिकाले अनुगमन गरी प्रमाण कागजात पेश गर्नुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,३५,००० |

५९ **छात्रावृत्ति अनुदान** : शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ७.२.१.१ मा IEMS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न विद्यालयहरुमा छात्रवृत्ति अनुदान रु.१७२५६००।०० निकासा गरेको छ। विद्यार्थी संख्यालाई सत्यापन नगरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन। साथै विद्यालयले छात्रवृत्ति वितरण गरेको भर्पाई पेश भएको छैन। अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ भने विद्यालयले छात्रवृत्ति वितरणको भरपाई पालिकामा पेश गर्नुपर्दछ।

६० **नमुना विद्यालयको अनुदान** : यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

६०.१ संघीय सरकारबाट प्राप्त अनुदानको सही सदुपयोग हुनुपर्दछ। लेखापरीक्षणको क्रममा श्री मोहन मा वि मिर्चैयाको स्थलगत भ्रमण गर्ने क्रममा गत वर्षमा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन गर्न निकासा भएको रकमबाट हालसम्म कुनै काम भएको पाइएन। स्थलगत निरीक्षणको क्रममा विद्यालय व्यवस्थापन समितिको निर्णय हेर्दा गत आर्थिक वर्ष २०७८।७९ मा विद्यालयमा निकासा भएको अनुदान रु.३००००००।०० बाट विभिन्न सामाग्री खरिद तथा जडान गर्ने भनी २०७९ चैत्र १ गते निर्णय भएको पाइयो भने सो बमोजिम हालसम्म पनि कुनै काम नभई रकम विद्यालयको खातामा नै रहेको पाइयो। यसरी गत वर्षको अनुदानको हालसम्म कुनै उपयोग नभई विद्यालयको खातामा नै रहि रहेको अवस्थामा यस वर्ष पनि सोही शीर्षबाट सो विद्यालयलाई रु.३००००००।०० निकासा भएको छ। यसरी प्राप्त अनुदानको सदुपयोग नहुने र वर्षै पिच्छे अनुदान निकासा हुने कार्यलाई उपयुक्त मान्न सकिएन। यसले गर्दा प्राप्त अनुदानको सही सदुपयोग हुन्छ भन्न सक्ने अवस्था समेत भएन। नगरपालिकाले निकासा भएको अनुदानको सम्बन्धमा अनुगमन गरी कार्य सम्पन्न भए नभएको सम्बन्धमा यकिन गर्ने र अनुदानको दुरुपयोग नहुन दिनेतर्फ सजग हनुपर्ने देखिन्छ भने पहिले निकासा भएको अनुदान रकमको उपयोग भए पछि मात्र पुनः निकासा दिने गर्नुपर्ने देखिन्छ।

६०.२ शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१३ को ९.१२ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन गर्न यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबीच सम्झौता गरी (क) वर्गको नमूना विद्यालयको लागि रु.३० लाख अनुदान दिने व्यवस्था रहको छ। पालिकाले यस वर्ष विद्यालयले प्रस्ताव पेश नगरेको अवस्थामा पनि श्री मोहन मा वि मिर्चैयालाई लाई रु.३००००००।०० निकासा दिएको छ। नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना निर्माण गरी नगरपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेमा उक्त विद्यालयले नगरपालिकामा योजनाको प्रस्ताव पेश गरेको तथा नगरपालिकाबाट स्वीकृत गरेको प्रमाण

लेखापरीक्षणमा पेश भएन। यसरी रकम फ्रिज नगर्ने मात्र उद्देश्यले खर्च लेख्ने कार्यलाई उचित मान्न सकिदैन। सो रकमको सही सदुपयोग भई कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम फिर्ता प्राप्त गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००,००० |

६१ **सेनिटरी प्याड व्यवस्थापन** : ✂..............*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३० को निर्णयबाट रु.३४०९४८।०० सम्परीक्षण भएको)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६२ **औषधि खरिद** : पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा २४ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले फर्माक्युटिकल्सको मिति २०७९/४/१७ मा राष्ट्रिय प्रत्रिकामा प्रकाशित गरेको मूल्य सूचीको आधारमा रु.३१२४५३५.०० को औषधि खरिद गरेको देखिन्छ।साथै आयुर्वेद औषधि रु.१६२८८०८.०० को खरिद गरेको देखिन्छ ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

६३ **न्यानो झोला कार्यक्रम** : स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका बर्थिङ सेन्टरमा यस वर्ष १७५५ थान को रु. १४५८०१४.८० खरिद गरेकोमा ६५ जना प्रसुति भएका महिलालाई वितरण भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका. ५०० थान न्यानो झोला मौज्दातमा रहेका छन्। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

६४ **मिर्चैया अस्पतालको खर्च** : नगरपालिकाले पालिका अन्तर्गतको मिर्चैया अस्पतालको वार्षिक रु. ६५६२७५९.०० को कारोवार भएको वासलात पेश भएको छ।अस्पतालको आय व्यय विवरण अनुसार गत वर्षको मौज्दात रु. १६७०८३२.७९ तथा यस वर्षको आम्दानी रु. १३२०९८८४.०० समेत रु. १४८८०७१६.७९ कुल आम्दानी देखिन्छ। यस वर्ष रु.९५६६७४२.८६ खर्च गरी रु.५२९१९७३.९३ मौज्दात रहेको देखिन्छ। त्यसैगरी

अस्पतालको फार्मेसी तर्फको वार्षिक कारोबार रु. ३९७८३८९.०० भएको आय व्यय पेश भएको छ। यस वर्ष रु.२०३६७९१.३१ खर्च गरी रु.१९४१५९७.६९ मौज्दात देखिन्छ। कानुनको तर्जुमा गरी अस्पतालको लेखापरीक्षण गर्ने व्यवस्था हुनु पर्दछ।

६५ **धानको विउ खरिद तथा वितरण** : बीउ विजन उत्पादन आपुर्ति तथा व्यवस्थापन निर्देशिका,२०७८ को बुदा नं.६ मा बीउ विजनको विद्युतीय वितरण व्यवस्था डेसिस (DESES) मा बीउ उत्पादक वितरक दर्ता हुनु पर्दछ। बीउ विजन उत्पादन आपुर्ति तथा व्यवस्थापन निर्देशिका,२०७८ को बुदा नं.१० मा डेसिसमा दर्ता भएका गुणस्तरीय बीउ उत्पादक र वितरकसंग स्थानीय तहले आफ्नो मापदण्ड स्वीकृत गरी खरिद गर्नु पर्ने व्यवस्था छ। यस वर्षको स्वीकृत वार्षिक कार्यक्रममा कृषकलाई ५० प्रतिशत अनुदानमा उन्नत जातको धानको बीउ खरिद गरी वितरण गरेको छ। यस वर्ष ४३३६.०० के.जी. रु.४३००००.०० मा वीउ खरिद गरी वितरण गरिएकोमा निम्न व्यहोरा देखिएको छ :

६५.१ खरिद गरिएको वीउ के कति जमीनमा उपयोग हुने हो त्यसबाट कति धान उत्पादन हुने यकिन नगरि उपयोग हुने परिमाण र बजार दरको आधारमा लागत अनुमान तयार गरिएको छैन।

६५.२ खरिद भएको वीउको गुणस्तरीय परीक्षण नगरी वितरण गरिएकोले गुणस्तरीयता यकिन हुन सकेन। यसर्थ गुणस्तर परीक्षण हुनु पर्दछ।

६५.३ बीउ विजन उत्पादन आपुर्ति तथा व्यवस्थापन निर्देशिका,२०७८ को बुदा नं.१७ मा स्थानीय स्तरमा गुणस्तरीय बीउ विजनको वितरणको अनुगमन पालिकाले गर्नुपर्ने व्यवस्था छ। वीउ प्राप्त गर्ने कृषकले के कति परिमाण वीउको कति जमीनमा सदुपयोग गरी धानको उत्पादन गरे स्थलगत अनुगमन गरेको छैन।

६६ **आंपको बिरुवा खरिद तथा रोपण** : राष्ट्रिय फलफूल विकास कार्यक्रम सशर्त अनुदानबाट स्थानीय तहले सञ्चालन गरिने प्रक्रिया २०७७ मा फलफूल रोपण गर्ने प्रक्रिया र अनुदानको सदुपयोग सम्वन्धमा स्थानीय तहले गर्ने अनुगमन सम्वन्धि व्यवस्था छ। यस वर्षको स्वीकृत वार्षिक कार्यक्रममा कृषकलाई ५० प्रतिशत अनुदानमा आंपको बिरुवा ११९६० गोटा रु.१५५००००.०० मा खरिद गरी रोपण गरिएकोमा निम्न व्यहोरा देखिएको छ :
प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कार्यक्रम सञ्चालन सम्वन्धि कार्यविधि, २०७९ को बुँदा नं.१२ मा कार्यक्रम सञ्चालनको अनुगमन गर्नुपर्ने व्यवस्था छ। खरिद गरी रोपण गरिएको वीउ के कति जमीनमा उपयोग भयो र बाँची बढ्न थालेको तथा विरुवाको अवस्था बारे स्थलगत अनुगमन गरेको छैन।

६७ **आलु तथा प्याजको बीउ खरिद तथा वितरण** : यस वर्षको स्वीकृत वार्षिक कार्यक्रममा कृषकलाई ५० प्रतिशत अनुदानमा आलुको बीउ ३५०० के.जी.को रु.२६२५००.००,प्याजको बीउ ४०० के.जी.को रु.३२००००.०० समेत रु.५८२५००.०० मा खरिद गरी वितरण गरिएकोमा निम्न व्यहोरा देखिएको छ :

६७.१ प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कार्यक्रम सञ्चालन सम्वन्धि कार्यविधि २०७९ को बुँदा नं.१२ मा कार्यक्रम सञ्चालनको अनुगमन गर्नुपर्ने व्यवस्था छ। अनुदानमा वीउ प्राप्त गर्ने कृषकले के कति परिमाण वीउको कति जमीनमा सदुपयोग गरी आलु तथा प्याजको उत्पादन गरे स्थलगत अनुगमन गरेको छैन।

६७.२ खरिद भएको वीउको गुणस्तरीय परीक्षण नगरी वितरण गरिएकोले गुणस्तरीयता यकिन हुन सकेन। यसर्थ गुणस्तर परीक्षण हुनु पर्दछ।

६७.३ खरिद गरिएको वीउ के कति जमीनमा उपयोग हुने हो त्यसबाट कति आलु तथा प्याजको उत्पादन हुने यकिन नगरि उपयोग हुने परिमाण र बजार दरको आधारमा लागत अनुमान तयार गरिएको छैन।

६८ **भैंसी खरिद तथा वितरण** : युवा स्वरोजगार कार्यक्रम अन्तरगत यस वर्षको स्वीकृत वार्षिक कार्यक्रममा कृषकलाई ५० प्रतिशत अनुदानमा पालिकाले प्रति गोटा ५००००.०० अनुदान दिने गरी २० वटा भैंसी खरिद गरि वितरण गरेकोमा भैंसीको स्वास्थ्य परीक्षण गरेको देखिएन। किसानले सोझै किसानबाट बुझी लगेकोले भैंसीको स्वास्थ्य परीक्षण गरिनु पर्दछ। साथै प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कार्यक्रम सञ्चालन सम्वन्धि कार्यविधि, २०७९ को बुँदा नं.१२ मा कार्यक्रम सञ्चालनको अनुगमन गर्नुपर्ने व्यवस्था छ। अनुदानमा भैंसी खरिद गरेका किसानहरुको भैंसीको अवश्था बारे स्थलगत अनुगमन गरेको छैन। वितरण गरिएका भैंसीहरुको अवस्थाको बारेमा निरन्तर अनुगमन गरी कार्यक्रमको लक्ष्य हासिल गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

६९ **बाख्रा खरिद तथा वितरण** : यस वर्षको स्वीकृत वार्षिक कार्यक्रममा कृषकलाई अनुदानमा पालिकाले १००००००.०० मुल्यको ९० प्रतिशत रु.९०००००.०० अनुदान दिने गरी बाख्रा खरिद गरि वितरण गरेकोमा बाख्राको स्वास्थ्य परीक्षण गरेको देखिएन। किसानले सोझै फर्मबाट बुझी लगेकोले बाख्राको स्वास्थ्य परीक्षण गरिनु पर्दछ। प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कार्यक्रम सञ्चालन सम्वन्धि कार्यविधि, २०७९ को बुँदा नं.१२ मा कार्यक्रम सञ्चालनको अनुगमन गर्नुपर्ने व्यवस्था छ। अनुदानमा बाख्रा खरिद गरेका किसानहरुको बाख्राको अवस्थाा बारे स्थलगत अनुगमन गरेको छैन। निरन्तर अनुगमन गरी कार्यक्रमको लक्ष्य हासिल गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

७० **गहुँको बीउ खरिद तथा वितरण :**

७०.१ बीउ विजन ऐन, २०४५ को दफा ११ मा गुणस्तर परीक्षण र जातीय परीक्षण तथा सूचिकृत नभएका बीउ विजन बेच्न नपाईने व्यवस्था छ। यस वर्ष खरिद भएको वीउको गुणस्तरीय परीक्षण नगरी वितरण गरिएकोले गुणस्तरीयता यकिन हुन सकेन ।यसर्थ गुणस्तर परीक्षण हुनु पर्दछ।

७०.२ खरिद गरिएको वीउ के कति जमीनमा उपयोग हुने हो त्यसबाट कति गहुँ उत्पादन हुने यकिन नगरि उपयोग हुने परिमाण र बजार दरको आधारमा लागत अनुमान तयार गरिएको छैन।

७०.३ बीउ विजन उत्पादन आपुर्ति तथा व्यवस्थापन निर्देशिका,२०७८ को बुदा नं.१७ मा स्थानीय स्तरमा गुणस्तरीय बीउ विजनको वितरणको अनुगमन पालिकाले गर्नुपर्ने व्यवस्था छ। वीउ प्राप्त गर्ने कृषकले के कति परिमाण वीउको कति जमीनमा सदुपयोग गरी गहुँको उत्पादन गरे स्थलगत अनुगमन गरेको छैन।

७१ **सामाजिक सुरक्षा भत्ता** : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुंदा नं १८ मा भत्ता वितरणको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बांकी रकम फ्रिज भई नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्छ। सामाजिक सुरक्षा भत्ता वितरणको परीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार उल्लेख गरिएको छ।

- यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रयोजनका लागि विभिन्न बैंकहरुमा रु.२१६२२३४३३।०० रकम निकासा गरेकोमा गो भौ नं ६।२०८०।२।१२ बाट रु.१०६६०७१।०७ फिर्ता निकासा भई रु.२१५१५७३६१।९३ निकासा कायम भएको छ। जसमध्ये बैंकले उपलब्ध गराएको रिभर्सफिड अनुसार चौथो त्रैमासिक सम्ममा १० वटा बैंकहरुमध्ये यस दफासँग सम्बन्धित अनुसूचीमा उल्लेखित ८ बैंकहरुमा

रु. १२७७९८३६८।०० वितरण भइ रु.५४७३६९।०० बाँकी रहने देखिन्छ। तर पालिकाले बैंकहरुबाट विभिन्न मितिमा फिर्ता भई संघीय संचित कोषमा दाखिला भएको रकम रु. १७०५११३।८२ को कागजात पेश गरेकोले रिभर्स फिडले देखाएको रकमभन्दा बढी रकम फिर्ता भई दाखिला भएको देखिन्छ। फिर्ता भएको रकमको अवस्था हेर्दा गत विगत वर्षको समेत रहेको हुनसक्ने देखिन्छ। लेखापरीक्षणको क्रममा सबै बैंकहरुबाट बैंक स्टेटमेन्ट पेश नभएकोले फिर्ता रकमको सम्बन्धमा स्पष्ट हुन सकिएन। यस सम्बन्धमा स्टेटमेन्ट प्राप्त गरी गत विगतदेखिको हालसम्म बैंकमा बाँकी रहेको रकमका सम्बन्धमा पालिकाले हिसाव एकिन गरी अझै फिर्ता गर्न बाँकी रकम देखिएमा सो समेत फिर्ता गरी हिसाव यकिन गर्नुपर्ने देखिन्छ।

- दुई वटा बैंकहरुको रिभर्सफिडले निकासा भएको रकम भन्दा बढी बितरण भएको देखाएको छ। सो हुनुको कारण स्पष्ट भएन।

**(विस्तृत विवरण बेरूजु दफा ७१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

७२ **कर तथा शुल्क असुली** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | ० | ४१५० | |
| घरजग्गा कर र मालपोत कर | ० | १३२११४५ | |
| घरजग्गा वहाल कर | ० | ४२८२५८६ | |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ० | २८१३३५ | |
| सरकारी सम्पतिबहालबाट प्राप्त आय | ० | १५०४४०० | |
| अन्य सेवा शुल्क | ० | ३८९१९७ | |
| अन्य प्रशासनिक सेवा शुल्क | ० | ९४९००० | |
| अन्य कर | ० | २२४४३६१० | |
| नक्शा पास दस्तुर | ० | ५८००० | |
| सिफारिश दस्तुर | ० | ३२७४७९५ | |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ६१८३५० | |
| नाता प्रमाणित दस्तुर | ० | २२८४५० | |
| अन्य दस्तुर | ० | ८८३२३२३ | |
| अन्य राजस्व | ० | १८३०० | |
| व्यवसाय रजिष्ट्रेसन दस्तुर | ० | ५२७९३५ | |

| | | | |
|---|---|---|---|
| बेरुजु | ० | ८२३००२ | |
| सवारी साधन कर | ० | ७७५०५२९ | |
| अन्त शुल्क | ० | १९३७७२९२ | |
| मूल्य अभिबृद्धि कर | ११८२५४००० | ६७५९३३६५ | ५७.१६ |
| **जम्मा** | **११८२५४०००** | **१४०२७७७६५** | |

यस वर्ष आन्तरिक अयमा वित्तीय प्रतिवेदन म.ले.प फाराम २७२ मा रु.११८८०४७३९.७६ तथा एकीकृत आय-व्यय विवरणमा रु. १४०२७७७६४.५२ देखिन्छ। दुवैको फरक रकम रु.२१४७३०२४.७६ भएकोले छानविन गरी आन्तरिक आय यकिन गर्नु पर्दछ। आन्तरिक आयलाई प्रस्तुत बजेट तथा नीति कार्यक्रममा अनुमान गरिएको छैन। उल्लिखित विवरण वित्तीय प्रतिवेदन म.ले.प फाराम २७२ बाट मूल्याङ्कन गरिएको छ। यसर्थ नगर सभाबाट बजेट तथा नीति कार्यक्रममा प्रस्तुत गर्न राजस्वको अनुमान नगर सभाबाट पारित गरिनु पर्द ।

७३ **बालुवा गिट्टीको दर :** नगरपालिका क्षेत्र भित्र रहेको घुर्मी खोलाबाट बालुवा उत्खनन् तथा संकलन गरी निकाशी गर्न ठेक्का बन्दोबस्ती गर्न कार्यालयले वातावरणीय प्रभावको अध्ययन गरी प्रतिवेदन अनुसार २५६६६६६.०० घन.फिट (७२७५१.३० घन.मी.) बोलपत्रको माध्यमबाट ठेक्का बन्दोबस्त गर्दा निम्न व्यहोरा देखिए :

७३.१ बालुवा गिट्टी संकलन तथा बिक्री गर्न राजस्व परामर्श समितिको तपसीलका निर्णयबाट ७२७५१.३० घन.मी.बिक्री गर्न तपसीलबमोजिमको दर र रकम तोकी चौथो पटक सुचना प्रकाशन गर्दा तिरुपति कन्स्ट्रक्सन एकले मात्र रु.३९४८०००.०० रकमको कबोल गरेकोले उक्त व्यवसायीसंग २०८० जेठ मसान्त सम्म म्याद राखी २०८०/९/४ मा सम्झौता भएको छ।

| निर्णय मिति | स्वीकृत दर | स्वीकृत रकम |
|---|---|---|
| ०५/२१/२०७९ | १०५.८४ | ७७०००००.०० |
| ०६/२९/२०७९ | ८४.६७ | ६१६००००.०० |
| ०७/१५/२०७९ | ६७.७४ | ४९२८०००.०० |
| ०८/०६/२०७९ | ५४.१९ | ३९४२४००.०० |

नगर सभाले नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको घुर्मी खोलामा ठेक्का लगाउन पालिकाको २०७९/५/२० गतेको निर्णयले रु .७७०००००.०० दररेट कायम गरेकोमा ठेक्का नलागेकोले राजस्व परामर्श समितिको मिति २०७९/६/२६ को निर्णयले रु.६१६००००.०० पुन मिति २०७९/७/१५ को निर्णयले रु.४९२८०००.०० कायम गर्दा ठेक्का नलाग्दा चौथो पटक मिति २०७९/८/६ गतेमा राजस्व परामर्श समितिले स्वीकृत गरेको दररेट रु.३९४२०००.०० लाई नगर सभाबाट अनुमोदन गरी ठेक्का व्यवस्था गरिएको देखिन्छ।

७३.२ ठेक्का व्यवसायीले खोलाबाट बालुवा संकलन गरी निकासी गर्न कार्यालयबाट ढुवानी कार्य गर्ने साधनलाई साधनको नंम्बर र निकासी परिमाण सहितको छोडपुर्जी दिनु पर्नेमा हालसम्म छोडपुर्जी दिने व्यवस्था नभएकोले के कति परिमाणमा निकाशी भयो यकिन भएन। यसर्थ छोडपुर्जी दिने व्यवस्था हुनुपर्ने तथा निकाशी भएको परिमाणको अभिलेख राख्नु पर्दछ।

७४ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु. ४०४१०५.०० असुल नगरेकोले असूल गरी उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु.

| सि.नं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | दाखिला रकम | मु.अ.कर.असुल बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | दिनेश कुमार साह | मिथिलेश्वर बजार | ७१००० | ७१००० | ९२३० |
| २ | राधेश्याम रजक साफी | गुदरी बजार | २५००००० | २५००००० | ३२५००० |
| ३ | दिनेश कुमार साह | घुर्मी बजार | २७१५०० | २७१५०० | ३५२९५ |
| ४ | राम टहल कापरी | माछा बिक्री | २६६००० | २६६००० | ३४५८० |
| | | | | जम्मा | ४०४१०५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०४,१०५ |

७५ **मूल्य अभिवृद्धि कर घटी दाखिला** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी संघीय राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले नदीजन्य पदार्थको ठेक्का लगाएको निम्न ठेक्काबाट मूल्य अभिवृद्धि कर रु. ५१३४०८.०० असुल गरेको रकम मध्ये रु.३०८०४४.८० संघीय राजस्व शिर्षक नं.३३११७ मा दाखिला गरेको र बाकी मु.अ.कर रकम राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु.

| सि.नं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | असुली रकम रकम | दाखिला बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | तिरुपति कन्स्ट्रक्सन | घुर्मी खोला | ३९४८०००.०० | ५१३४०८.०० | ३०८०४४.८० |
| २ | दिनेश कुमार साह | बताहा खोला | २५५०००.०० | २९८३५.०० | २९८३५.०० |
| | | | | जम्मा | ३३७८७९.८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३७,८७९.८ |

७६ **प्रदेशलाई रकम हस्तान्तरण बाँकी** : प्रदेशलाई रकम हस्तान्तरण बाँकी प्रदेश आर्थिक ऐन अनुसार पालिकाबाट नदिजन्य पदार्थ उत्खनन गर्न लगाएको ठेक्काबाट प्राप्त भएको कुल राजस्वको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्दछ। पालिकाबाट यस वर्षको घुर्मी खोलाबाट रु. ३९४८०००।०० र बताह खोलाबाट रु. २५५०००।०० समेत रु.४२०३०००।०० राजस्व प्राप्त भएकोमा ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला

गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,८१,२०० |

७७ **आय अनुमान** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२००००००००.०० तथा राजस्व बाँडफाँडबाट रु.११८२५४०००.०० समेत रु.१३८२५४०००.०० हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा आन्तरिक आयतर्फ आय अनुमान नगरिएको अन्तशुल्कमा रु.१९३७७२९१.५३आम्दानी भएको समेत रु. १४०२७७७६४.५२ भएको छ। अन्तशुल्कमा रु.१९३७७२९१.५३आम्दानी भएको घटाउदा रु.१२०९००४७२.९९अर्थात् १२.५५ प्रतिशत कम राजस्व प्राप्त भई अनुमानको तुलनामा ८७.४४ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : मिर्चैया नगरपालिका, सिराहा , मिर्चैया नगरपालिका , सिराहा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुजित कुमार यादव | २०७९-६-१२ | २०८०-११-३० |
| कार्यालय प्रमुख | विजय कुमार महतो | २०७९-११-२७ | २०८०-३-३१ |
| कार्यालय प्रमुख | विष्णु रञ्जन बराल | २०८०-६-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुरेन्द्र कुमार यादव | २०७९-६-१० | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७,७१०,३४७.२५ | १२,३३१,४२५.४६ | ५८,८७०,४१९.६४ | ० | ० | २१,४७८,९१९ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १००,३९१,१११.३५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछर्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४३८,९४८ |
| | | | | **सम्परीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ९९,९५२,१६३.३५ |

**स्थानीय तह :**

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २२८७८७९०३.१७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४३१४७५२०० | चालु खर्च | ४२०१७१४८९.१७ |
| प्रदेश सरकारबाट अनुदान | ११२२३००० | पूँजीगत खर्च | २८७९५४०५९.१२ |
| राजश्व बाँडफाँट | ११७८३४१५४.५२ | वित्तीय/अन्य व्यवस्था | ४२८५२०२९९.२ |
| आन्तरिक आय | २२४४३६१०.०२ | | |
| अन्य आय | ३७९३९०११६.३७ | | |
| कुल आय | ९६२३६६०८०.९१ | कुल खर्च | ११३६६४५८४७.४९ |
| बाँकी मौज्दात | | ५४५०८१३६.५९ | |

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची -२

| सुत्रबाट सिर्जित म ले प फा नं २७२ (प्राप्ती भुक्तानी हिसाव) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ८४,३७,२७,१६९.६७ | ५७,९८,२५,७५०.०२ | | ५७,९८,२५,७५०.०२ | ९१,५३,८९,८८५.३८ | | ९१,५३,८९,८८५.३८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ८३,३६,९२,९०३.१७ | ५६,०९,४७,०७५.७१ | ० | ५६,०९,४७,०७५.७१ | ९०,४८,५८,४३७.०५ | ० | ९०,४८,५८,४३७.०५ |
| ११००० कर | ११ | १४,८२,५४,०००.०० | ११,८८,०४,७३९.७६ | ० | ११,८८,०४,७३९.७६ | ४२,४०,९४,४३७.०५ | ० | ४२,४०,९४,४३७.०५ |
| १३००० अनुदान | | ४५,६६,५१,०००.०० | ४४,२१,४२,३३५.९५ | ० | ४४,२१,४२,३३५.९५ | ४५,६३,२८,०००.०० | ० | ४५,६३,२८,०००.०० |
| संघीय सरकार | १२ | ४३,५४,२८,०००.०० | ४२,२९,१९,३३५.९५ | ० | ४२,२९,१९,३३५.९५ | ४३,३७,३६,०००.०० | ० | ४३,३७,३६,०००.०० |
| प्रदेश सरकार | १२ | २,१२,२३,०००.०० | १,९२,२३,०००.०० | ० | १,९२,२३,०००.०० | २,२५,९२,०००.०० | ० | २,२५,९२,०००.०० |
| १४००० अन्य राजस्व | | ० | ० | ० | ० | २,४४,३६,०००.०० | ० | २,४४,३६,०००.०० |
| ३२००० वित्तीय सम्पत्ति | | २२,८७,८७,९०३.१७ | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,००,३४,२६६.५० | १,८८,७८,६७४.३१ | | १,८८,७८,६७४.३१ | १,०५,३१,४४८.३३ | | १,०५,३१,४४८.३३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,००,३४,२६६.५० | ७८,७४,२४८.०० | ० | ७८,७४,२४८.०० | ६३,३८,३८१.०० | ० | ६३,३८,३८१.०० |
| धरौटी | | ० | १,१०,०४,४२६.३१ | ० | १,१०,०४,४२६.३१ | ४१,९३,०६७.३३ | ० | ४१,९३,०६७.३३ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ८४,३७,२७,१६९.६७ | ६१,५६,७३,५७२.२७ | | ६१,५६,७३,५७२.२७ | ७०,५२,१४,९६९.१० | | ७०,५२,१४,९६९.१० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८३,३६,९२,९०३.१७ | ६०,६२,६९,६३८.१९ | | ६०,६२,६९,६३८.१९ | ६९,६२,६६,२९९.०४ | | ६९,६२,६६,२९९.०४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २२,८५,५५,०००.०० | १८,९७,१२,२८२.६६ | ० | १८,९७,१२,२८२.६६ | १७,५४,६३,४२१.८८ | ० | १७,५४,६३,४२१.८८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १८,३३,७८,०००.०० | १५,२५,३९,०९७.१२ | ० | १५,२५,३९,०९७.१२ | १३,१८,१३,९१८.७९ | ० | १३,१८,१३,९१८.७९ |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | १,७५,०००.०० | १,७५,०००.०० | ० | १,७५,०००.०० | ० | ० | ० |
| २५००० सहायता (Subsidy) | १८ | ६५,६१,०००.०० | ५३,७३,१६१.५९ | ० | ५३,७३,१६१.५९ | ६५,३२,९३१.०० | ० | ६५,३२,९३१.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,३५,९०,०००.०० | १,११,८१,५३०.०० | ० | १,११,८१,५३०.०० | ९१,९६,३१८.५० | ० | ९१,९६,३१८.५० |
| २८००० अन्य खर्च | १८ | ६,५१,८०,०००.०० | ६,११,९०,४१७.८० | ० | ६,११,९०,४१७.८० | ७,१३,४९,७८९.२९ | ० | ७,१३,४९,७८९.२९ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३३,६२,५३,९०३.१७ | १८,६०,९८,१४९.०२ | ० | १८,६०,९८,१४९.०२ | ३०,१९,०९,९१९.५८ | ० | ३०,१९,०९,९१९.५८ |
| घ. अन्य भूक्तानी | | १,००,३४,२६६.५० | ९४,०३,९३४.०८ | | ९४,०३,९३४.०८ | ७०,५२,१४,९६९.१० | | ७०,५२,१४,९६९.१० |
| कोषहरु | | १,००,३४,२६६.५० | ७४,३९,२०७.२८ | ० | ७४,३९,२०७.२८ | ६५,४६,३५९.३६ | ० | ६५,४६,३५९.३६ |
| धरौटी | | ० | १९,६४,७२६.८० | ० | १९,६४,७२६.८० | २४,०२,३१०.७० | ० | २४,०२,३१०.७० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | (३,५८,४७,८२२.२५) | | (३,५८,४७,८२२.२५) | २१,०१,७४,९१६.२८ | | २१,०१,७४,९१६.२८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २३,२३,२८,९१०.८३ | | २३,२३,२८,९१०.८३ | ४५,५७,७९७.०० | | ४५,५७,७९७.०० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १९,६४,८१,०८८.५८ | | १९,६४,८१,०८८.५८ | २१,४७,३२,७१३.२८ | | २१,४७,३२,७१३.२८ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १९,९४,८१,०८८.५८ | | १९,९४,८१,०८८.५८ | २१,५१,१२,८१०.१७ | | २१,५१,१२,८१०.१७ |

**बेरूजु दफा ३.२ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | २३२३२८९१०.८३ | ५७९८२५७५०.०२ | ५७१९९४३८८.५७ | २४०१६०२७२.२८ |
| एकीकृत र्थिक विवरणअनुसार | २२८७८७९०३.१७ | ९६२३६६०८०.८९ | ९५०९९३७११.७८ | २४०१६०२७२.२८ |
| फरक | ३५४१००७.६६ | ३८२५४०३३०.८७ | ३७८९९९३२३.२१ | ० |

**बेरूजु दफा ३.४ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ० | २१५१२३३३ | २१५१२३३३ |
| चालु खर्च खाता | -२४८६८८२.४९ | ४९२४७४२५.१८ | ४६७६०५४२.६९ |
| पुंजीगत खर्च खाता | ३०००००० | १११९१३५७५.३६ | १०८९१३५७५.३६ |
| विविध खर्च खाता | २१४९३२०.७२ | १३४१३९३८.०१ | ११२६४६१७.२९ |
| आन्तरिक अनुदान | ० | ३८९९६६७. | ३८९९६६७ |

| | | | |
|---|---|---|---|
| स्थानीय तह आकस्मिक कोष खाता | ० | ० | ० |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ० | २३६१४७८ | २३६१४७८ |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | २४४३६१०.०२ | २४४३६१०.०२ |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | २१४७१९९५.८८ | २१४७१९९५.८८ |
| धरौटी खाता | १०८६६४२७.१४ | १३८९६२४९.८३ | ३०२९८२२.६९ |
| विभाज्य कोष खाता | ० | ० | ० |
| जम्मा | १३५२८८६५.३७ | २४०१६०२७२.२८ | २२१६५७६४१.९३ |

**बेरूजु दफा २० सँग सम्बन्धित विवरण - अनुसूची -५**

| पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | पेश्की रकम |
|---|---|---|
| बतहा खोलामा डबल स्पान पुल निर्माण कार्य | अजय कन्स्ट्रक्सन | २५००००० |
| बतहा खोलामा डबल स्पान पुल निर्माण कार्य | अजय कन्स्ट्रक्सन | २५००००० |
| नगर स्तरिय भौतिक पुर्वाधार | अजय कन्स्ट्रक्सन | ४५००००० |
| पुँजिगत भौतिक पुर्वाधार लागत साझेदारी | अजय कन्स्ट्रक्सन | ५०००००० |
| नगर स्तरीय बिद्यालयहरूको कक्षाकोठा निर्माण मिर्चैया नगरपालिका वडा नं. १० | श्री आधारभुत विधालय पिपरा ढाेढना | ९३१००० |
| मिर्चैया नगरपालिका वडा नं ज११ सितापुरक टोलमा रहेका कृष्ण यादवको घर नजिक पोखरी सौन्दर्यकरण | श्री मिर्चैया वडा नं ११ सितापुरको पश्चिम टोलमा रहेको कृष्ण यादवको घर नजिकको पोखरी सौन्दर्यिकरण | १४४७९१९ |
| निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | अनिल मण्डल | १००००० |
| | | १६९७८९१९ |

**बेरूजु दफा २२ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| गो भौ नं।मिति | योजना | काम | कामको परिमाण | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी दर | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|---|
| ३५।२०८०।०८।२३ | कल्याणपुर | Premixed | ११५.७६ | १५,२३५.९० | १८,३०७.४३ | ३,०७१.५३ | ३५५,५६०.३१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सडक देखि कुथनवा जाने सडक कालफत्रे तथा नाला निर्माण कार्य | Carpeting | | | | | |
| ४३।२०८०।१०।०३ | बतहा पुल देखि दक्षिण वडा नं १० जाने बाटो कालोपत्रे कार्य | Premixed Carpeting | १३.८४ | १७,५२१.२९ | २२,६००.०० | ५,०७८.७२ | ७०,२८९.४२ |
| ५६।२०७९।११।११ | कमलदह जाने बाटो कालोपत्रे निर्माण कार्य उ स | Premixed Carpeting | ७१.३१ | १५,२३५.९० | १९,८१२.८० | ४,५७६.९० | ३२६,३७८.७४ |
| ९७।२०८०।०२।२४ | थाना चोक देखि दक्षिण जाने सडक कालोपत्रे | Crusher Macadon Base Coarse | १९१.४१ | ३,५१६.८३ | ४,०९२.३४ | ५७५.५१ | ११०,१५७.७३ |
| १०५।२०८०।०३।०३ | अशोक महतोको घरदेखि दक्षिण धर्मनाथ महतोको घरसम्म नाला निर्माण | Reinforcement Bar | २.४९ | १२५,३९०.०० | १३२,४२०.०० | ७,०३०.०० | १७,५०४.७० |
| १०५।२०८०।०३।०३ | अशोक महतोको घरदेखि दक्षिण धर्मनाथ महतोको घरसम्म नाला निर्माण | Dry Flat Brick Soling Work | १४४.२० | ८३६.५० | १,१६५.७० | ३२९.२० | ४७,४७०.६४ |
| १०५।२०८०।०३।०३ | अशोक महतोको घरदेखि दक्षिण धर्मनाथ महतोको घरसम्म नाला निर्माण | P.C.C. M10(१:३:६) | १०.८२ | ८,६२९.६० | ११,२०१.२० | २,५७१.६० | २७,८११.८५ |
| १०५।२०८०।०३।०३ | अशोक महतोको घरदेखि दक्षिण धर्मनाथ महतोको घरसम्म नाला | P.C.C. M20(१:१.५:३) | ६४.८९ | ११,१७४.९३ | १६,२६६.५० | ५,०९१.५७ | ३३०,३९१.९८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निर्माण | | | | | | |
| १०५।२०८०।०३।०३ | अशोक महतोको घरदेखि दक्षिण धर्मनाथ महतोको घरसम्म नाला निर्माण | Form Work | ४४०.३३ | ८५२.३४ | १,२८७.९० | ४३५.५६ | १९१,७८७.९६ |
| ०३।०७९।१०।०३ | मल्हनिया सिक्रोन सडक निर्माण(सडक बोर्ड नेपाल) | Premixed Carpeting | ९.६२ | १७,५२१.३० | १९,४५०.०० | १,९२८.७० | १८,५५४.०९ |
| | | जम्मा | | | | | १,४९५,९०७.४२ |

**बेरूजु दफा २८.१ सँग सम्बन्धित विवरण - अनुसूची -७**

| क्र सं | विद्यालयको नाम | निकासा प्रयोजन | जम्मा |
|---|---|---|---|
| १ | श्री जनता आधाभुत विधालय भगवानपुर महलबोना | ४ कोठे भवन निर्माण | ४,५००,०००.०० |
| २ | श्री देउरली आ वि घुर्मी | २ कोठे भवन निर्माण | २,२५०,०००.०० |
| ३ | श्री आ वि राघोपुर | २ कोठे भवन निर्माण | २,२५०,०००.०० |
| ४ | श्री ज आ वि मन्ठाईकुट्टी | २ कोठे भवन निर्माण | २,२५०,०००.०० |
| ५ | श्री आ वि मलहनियाँखोरी | २ कोठे भवन निर्माण | २,२५०,०००.०० |
| ६ | श्री राजेश्वरी आ वि मथिलेश्वर | २ कोठे भवन निर्माण | २,२५०,०००.०० |
| | जम्मा | | १५,७५०,०००.०० |

**बेरूजु दफा २८.२ सँग सम्बन्धित विवरण - अनुसूची -८**

| क्र सं | विद्यालयको नाम | भुक्तानी रकम रु |
|---|---|---|
| १ | श्री जनता मा वि सितापुर | ६५००००.०० |
| २ | श्री आ वि सिक्रोन | ६५००००.०० |
| | जम्मा | १३०००००.०० |

**बेरूजु दफा ३२ सँग सम्बन्धित विवरण - अनुसूची -९**

| गो भौ नं मिति | आपूर्तिकर्ता | खर्च लेखेको रकम | खर्च लेखुपर्ने | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| २३।२०७९।०७।२४ | श्री शक्ति निर्माण सेवा ३०५११५००५ | ४९१,८८५.४६ | ४७९,१६४.२९ | १२,७२१.१७ |
| २५।२०७९।०७।२४ | ए जु जेड बिल्डर्स६०५९१५४९७ | ६७७,८५९.९२ | ६६०,३२९.०६ | १७,५३०.८६ |
| २९।२०७९।०८।०७ | अविश्कार इनर्जि प्रा लि ३०५१७११७५ | ४९८,८१०.०० | ४९३,८१०.०० | ५,०००.०० |
| | | १,६६८,५५५.३८ | १,६३३,३०३.३५ | ३५,२५२.०३ |

**बेरूजु दफा ३३ सँग सम्बन्धित विवरण - अनुसूची -१०**

| गो भौ नं मिति | निर्माण व्यवसायी | कामको विवरण | भुक्तानी रु | खरिद विधि |
|---|---|---|---|---|
| १६।२०७९।०७।२२ | गणपति निर्माण सेवा ६१२४७६६७७ | चमेना गृह निर्माण | ९८७,७२६.०० | सोझै खरिद |
| २१।२०७९।०७।२४ | शिवशक्ति गृल सटर उद्योग (३०३७९३३०४) | मर्मत तथा निर्माण कार्य | ९६०,२०८.०० | सोझै खरिद |
| २३।२०७९।०७।२४ | श्री शक्ति निर्माण सेवा ३०५११५००५ | अस्पताल मर्मत | ४९१,८८५.४६ | सोझै खरिद |
| १६८।२०८०।०३।२४ | मिर्चैया अस्पताल ईमर्जेन्सी भवन रंगरोगन कार्य | मिर्चैया अस्पताल ईमर्जेन्सी भवन रंगरोगन कार्य | २,८१०,२९४.०० | उपभोक्ता समिति |
| | जम्मा | | ५,२५०,११३.४६ | |

**बेरूजु दफा ३७ सँग सम्बन्धित विवरण - अनुसूची -११**

| वडा नं | पदाधिकारी | बैठक संख्या | बढी बैठक संख्या | कर कट्टी पछिको बढी भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १० | वडा अध्यक्ष संजय कुमार साह | ४० | ४ | ५१०० | गो भौ नं १७ बाट १२ वटा वैठकको , ३२८ बाट१५ वटा वैठकको , ४४६ बाट |
| १० | वडा सदस्य परीक्षण कामती | ४० | ४ | ५१०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | वडा सदस्य राम कुमारी देवी | ४० | ४ | ५१०० | ७ वटा वैठकको र ५६५ बाट ६ वटा वैठकको भुक्तानी भएको |
| १० | वडा सदस्य फुलेश्वरी चमार्नी | ४० | ४ | ५१०० | |
| १० | वडा सदस्य सहोगिया सदा | ४० | ४ | ५१०० | |
| ८ | वडा अध्यक्ष विरेश्वर यादव | ३८ | २ | २५५० | गो भौ नं १०० बाट १२ वैठकको , २७५ बाट १२ वटा वैठकको , ४३८ बाट १० वटा वैठकको र ५८१ बाट ४ वटा वैठकको भुक्तानी |
| ८ | वडा सदस्य चन्द्रेश्वर महतो | ३८ | २ | २५५० | |
| ८ | वडा सदस्य श्री देव राय | ३८ | २ | २५५० | |
| ८ | वडा सदस्य पुनम देवी राय | ३८ | २ | २५५० | |
| ८ | वडा सदस्य असलामी देवी सदा | ३८ | २ | २५५० | |
| १२ | वडा अध्यक्ष मनेलाल यादव | ३८ | २ | २५५० | गो भौ नं २९३ बाट २४ वटा बैठकको र ५६४ बाट १४ वटा वैठकको भुक्तानी भएको |
| १२ | वडा सदस्य सिता देवी | ३८ | २ | २५५० | |
| १२ | वडा सदस्य राम विलास पजियार | ३८ | २ | २५५० | |
| १२ | वडा सदस्य बालेश्वर साहु तेली | ३८ | २ | २५५० | |
| १२ | वडा सदस्यस जहिदा खातुन | ३८ | २ | २५५० | |
| ११ | वडा अध्यक्ष चन्द्रदिप कुमार यादव | ४० | ४ | ५१०० | गो भौ नं २७५ बाट २४ वटा वैठकको , ४८३ बाट १० वटा वैठको र ६०१ बाट ६ वैठकको भुक्तानी भएको |
| ११ | वडा सदस्य मनिकलाल यादव | ४० | ४ | ५१०० | |
| ११ | वडा सदस्य पारो कुमारी दुसाधनी | ४० | ४ | ५१०० | |
| ११ | वडा सदस्य असलानी देवी | ४० | ४ | ५१०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | मण्डल | | | | |
| ११ | वडा सदस्य झगरु माझी | ४० | ४ | ५१०० | |
| | | | जम्मा | ७६५०० | |

**बेरूजु दफा ४० सँग सम्बन्धित विवरण - अनुसूची -१२**

| कर्मचारीको नाम | बैठक संख्या | भत्ता रकम | जम्मा | करकट्टी | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| प्र प्र अधिकृत विजय कुमार महतो | २३ | १५०० | ३४५०० | ५१७५ | २९३२५ |
| ईन्जिनियर नन्दन कुमार ठाकुर | २३ | १५०० | ३४५०० | ५१७५ | २९३२५ |
| सब इन्जिनियर सन्तोष कुमार पुर्वे | २३ | १५०० | ३४५०० | ५१७५ | २९३२५ |
| सब इन्जिनियर रविन कुमार पुर्वे | २३ | १५०० | ३४५०० | ५१७५ | २९३२५ |
| अ सब इन्जिनियर राजकिशोर साह | २३ | १५०० | ३४५०० | ५१७५ | २९३२५ |
| अ सब इन्जिनियर संजिव यादव | २३ | १५०० | ३४५०० | ५१७५ | २९३२५ |
| अ सब इन्जिनियर राकेश कुमार यादव | २३ | १५०० | ३४५०० | ५१७५ | २९३२५ |
| अ सब इन्जिनियर शैलेन्द्र कुमार यादव | २३ | १५०० | ३४५०० | ५१७५ | २९३२५ |
| लेखा प्रमुख सुरेन्द्र कुमार यादव | २३ | १५०० | ३४५०० | ५१७५ | २९३२५ |
| | | | | जम्मा | २६३९२५।०० |

**बेरूजु दफा ५२ सँग सम्बन्धित विवरण - अनुसूची -१३**

| गो भौ नं | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|
| १०।२०७९।६।७ | प्र प्र अ डम्बरध्वज आङ्गदावे | ७८००.०० | निजले २०७९।५।१३ देखि १९ सम्म काठमाण्डौ जाँदा प्लेन भाडा पापत रु. ३९००।०० र २०७९।५।२९ |

| | | | |
|---|---|---|---|
| | | | देखि ६।४ को काठमाण्डौबाट आउँदा प्लेन भाडा वापत रु . ३९००।०० गरी ७८०० भुक्तानी लिएकोमा बोर्डिङ्ग पास सम्लग्न नरहेको । |
| ९९।७।२४ | वल्डलिंक कम्युनिकेशन प्रा लि | ११९१३.०० | बिल सम्लग्न नरहेको |
| २०१।२०७९।९।१२ | वल्ड लिंक कम्युनिकेसन प्रा लि | १६७८२.०० | मिर्चैया अस्पतालको इन्टरनेट रिचार्जको बिल सम्लग्न नरहेको |
| ६५७।२०८०।३।२३ | मुंगेरिया सुइट हाउस | २३८६१.०० | भुक्तानी भएको मू अ कर समेत रु.११७७६८.०० कर कट्टी पछि ११६२०४।०० सम्लग्न बिल ९२३४३ को मात्र छ । |
| गो भौ नं ६७२।३।२४ | पे फ धनन्जय महतो | २४७००.०० | २०१७६५ भुक्तानी भएकोमा बिल भरपाई जम्मा १७७०६५ को मात्र सम्लग्न छ । |
| गो भौ नं ६५७।३।२४ | सव ई राजकिशोर साहलाई भुक्तानी भएको भ्रमण भत्ता | १०५५०.०० | भ्रमण आदेश तथा दैनिक भ्रमण भत्ताको बिल सम्लग्न नरहेको । |
| | | ९५६०६ | |

**बेरूजु दफा ५४ सँग सम्बन्धित विवरण - अनुसूची -१४**

| गो भौ नं | कार्यक्रम | संस्थाको नाम | भुक्तानी रकम | कर कट्टी गर्नुपर्ने रकम | कर कट्टी गरेको | नपुग कर |
|---|---|---|---|---|---|---|
| ४०६।२०८०।२।४ | सिपमुलक तालिम संचालन जुनियर प्लम्बर तालिम | लोटस ट्रेनिङ्ग सेन्टर | ३९८८७५ | ५९८३१ | १४५०६ | ४५३२५ |
| ५४७।२०८०।३।१५ | Early Childhood Montessori Facilitator तालिम | एन एस नेशनल जेभियर एजुकेशन फाउण्डेशन एण्ड रिसर्च सेन्टर प्रा लि | ४९७७०० | ७४६५५ | ४२५३४ | ३२१२१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ८९६५७५ | १३४४८६ | ५७०४० | ७७४४६ |

**बेरूजु दफा ७१ सँग सम्बन्धित विवरण - अनुसूची -१५**

| बैंकहरुको नाम र वडा | बैंकले प्राप्त गरेको रकम | निकासा फिर्ता | अन्तिम निकासा | सेवाग्राहीमा वितरण गरेको रकम | निकासा फिर्ता पछिको बाँकी रकम |
|---|---|---|---|---|---|
| एन आई सि एसिया ११ | २१०७१८३४ | ३४६६७ | २१०३७१६७ | २०८४६३१३ | १९०८५४ |
| एनएमबी १ | १८६८८६३२ | ११०४९० | १८५७८१४२ | १८४३४१९१ | १४३९५१ |
| कामना सेवा विकास १० | १८६९७६५२ | १०१९४ | १८६८७४५८ | १८६७२७०१ | १४७५७ |
| कुमारी बैंक लिमिटेड ९ तेस्रो र चौथो | ७७७१५०४ | ० | ७७७१५०४ | ७६६७६७४ | १०३८३० |
| नेपाल बैंक लि ४ | १५७०४४७८ | २३५६९ | १५६८०९०९ | १५६४४४९८ | ३६४११ |
| प्रभु बैंक ८ | १२४८३६०१ | ३७३३० | १२४४६२७१ | १२४४३९६५ | २३०६ |
| सनराइज ३ | १७७२९१८१ | ८४७९९ | १७६४४३८२ | १७६०३६१३ | ४०७६९ |
| सानिमा ७ | १६५०३०९६ | ३१९२ | १६४९९९०४ | १६४८५४१३ | १४४९१ |
| जम्मा | १२८६४९९७८ | ३०४२४१ | १२८३४५७३७ | १२७७९८३६८ | ५४७३६९ |
| रिभर्सफिड अनुसार निकासाभन्दा वितरण बढी देखिएका बैंहरुको विवरण | | | | | |
| ग्लोबल आइ एम इ १, २, ९ | ५५४०८२१० | ७०६०२३ | ५४७०२१८७ | ५४९४०५५२ | -२३८३६५ |
| सिद्धार्थ ५, १२ | ३२१६५२४५ | ५५८०७ | ३२१०९४३८ | ३२१३८०२९ | -२८५९१ |
| बैंकबाट रकम फिर्ता भएको विवरण | | | | | |
| बैंकहरुको नाम र वडा | दाखिला रकम को ले नि का | | | | |
| एन आई सि एसिया ११ | २५७२८ | | | | |
| एनएमबी ६ | ९६२०० | | | | |
| कामना सेवा विकास १० | ४२८५१ | | | | |
| कुमारी बैंक लिमिटेड ९ तेस्रो र चौथो | १३०६९३ | | | | |
| ग्लोबल आइ एम इ १, २, ९ | १००८४८५ | | | | |
| नेपाल बैंक लि ४ | ३०४६६ | | | | |
| प्रभु बैंक ८ | १०३४३९ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| सनराइज ३ | १२७६०३ | | | | |
| सानिमा ७ | ४८०७५ | | | | |
| सिद्धार्थ ५, १२ | ९१५७३ | | | | |
| जम्मा | १७०५११४ | | | | |